लेखापरीक्षण प्रतिवेदन

बर्दिबास नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बर्दिबास नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/307

श्रीमान् नगर प्रमुखज्यू,

बर्दिबास नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, महोत्तरी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/307

श्रीमान् नगर प्रमुखज्यू ,
बर्दिबास नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, महोत्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु. २ अर्ब ९१ करोड ९१ लाख ७९ हजारको लेखापरीक्षणबाट रु. ५ करोड ७९ लाख ११ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट १६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ३२ लाख ५३ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १५ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड २० लाख ६५ हजार र पेश्की बाँकी रु. १० लाख ४६ हजार गरी जम्मा रु. ५ करोड ७८ लाख ९५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ५१ करोड २३ लाख ६४ हजार मध्ये रु १ करोड २६ लाख ६५ हजार सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.५५ करोड ७५ लाख ९४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपा ालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
१००	१६०	५,७९,१०,९८३	२	२	१५,६८९	०	९८	१५८	५,७८,९५,२९४	३२,५२,५७४	४,२०,६५,३८३	१,१५,३०,८३७	०	०	५,३५,९६,२२०	१०,४६,५००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
महोत्तरी	५१,२३,६३,९९२	०	१,२६,६५,२८९	४९,९६,९८,७०३	०	५,७८,९५,२९४	५५,७५,९३,९९७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	१०१	सुनौलो हजार दिन	०
२	२०८१/८२	११४	रद्द रसिदको विवरण	०
३	२०८१/८२	१००	बढी तलब भुक्तानी	१४,४१४
४	२०८१/८२	३९	असुल गर्नुपर्ने	१,२७५
५	२०८०/८१	३०	स्पेसिफिकेसन भन्दा बढी स्प्रे दर	२,१३,८९६
६	२०८०/८१	५९	व्यावसाय कर	७२,०००
७	२०८०/८१	४८	बढी तलव निकासा	४२,१८८
८	२०८०/८१	४४	बढी ग्रेड भुक्तानी	१३,१४०

९	२०८०/८१	४५	निशुल्क पाठ्यपुस्तक	२,७७,२९४
१०	२०८०/८१	३२	नपुग कर	१८,३६०
११	२०७९/८०	३७.३	निकासी आयको ठेक्का	९७,०५,५०४
१२	२०७९/८०	८९	आमा सुरक्षा कार्यक्रम	१३,१९,५९५
१३	२०७९/८०	७९	अनुगमन भत्ता	३०,१६२
१४	२०७८/७९	५३	सेवा शुल्क भुक्तानीमा कर कट्टी	६८,८५०
१५	२०७८/७९	४६	धरौटी जफत	७,५०,०००
१६	२०७७/७८	६८	सशर्त स्वास्थ्य	१०,८००
जम्मा				१,२५,३७,४७८
म्यानुअल सम्परीक्षणको विवरण				
१	२०७५।०७६	९७	भुक्तानी दिन नमिल्ने भुक्तानी	५००००
२	२०७५।०७६	५४	अन्य संस्थालाई भुक्तानी दिएको	९३५००
जम्मा				१४३५००
कुल जम्मा				१२६८०९७८

बर्दिबास नगरपालिका, महोत्तरी

(८०२१८४०३३००)

बर्दिबास नगरपालिका , महोत्तरी

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ३१५.६ वर्ग किलोमिटर तथा ६६३५८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१४ देखि २०८२।०८।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.२,९१,९१,७९,४१०.८४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३,३९,७१५।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	कोष	वैंक	दाखिला मिति	बिवरण	रकम रु.
१	संघीय	कृषि विकास बैंक	२०८२।०८।२३	मू.अ.कर दाखिला	१३३९७१५

२ **एकीकृत वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फारम नं. २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		२९६०२८०२३.	**चालु खर्च**		५७४८७९७७४.०१
१. संचित कोष	२०१२८९८६६.४		१.पालिका तर्फ	१९८७६४६९९.६४	
२.धरौटी	१३८७८१५४.५		२. संघीय सशर्त	३७६११५०७४.३७	
३.कार्यसञ्चालन कोष	०		३. संघीय विशेष	०	
विभाज्य कोष	५५०१५२६७.८		४. प्रदेश सशर्त	०	
प्रकोप व्यवस्थापन कोष	१०१८१२२६.९६		५. प्रदेश विशेष	०	
कर्मचारी कल्याण कोष	३५३१५६६		**पुँजीगत खर्च**		३८८०६९०४२.१
महिला बालबालिका कोष	५४५०००		१. पालिका तर्फ	३३१७४६१२५.१	
मानव संसाधन विकास कोष	८७४०००		२. संघीय सशर्त	२७८४५४९२	
मर्मत संभार कोष	४५४१८३७		३. संघीय विशेष	११७५२००	
४. विविध खर्च खाता मौज्दात	६१७११०४.३७		४. संघीय समपुरक	१७८०२२२५	
यस वर्षको आय		१०११३४०४५२.	५. प्रदेश सशर्त	९५०००००	
१.आन्तरिक आय	४४९८०५९२.१६		६. प्रदेश विशेष	०	
२. वित्तीय हस्तान्तरण (संघ)			७. प्रदेश समपुरक	०	
क) समानीकरण अनुदान	१५१५८७५२०		**अन्तर सरकारी अख्तियारी (संघ)**		३१२०००११०
ख) राजस्व बाँडफाँट	१४७८०६१४०.८८		क) सामाजिक सुरक्षा	२९३२२९२५८	
ग) सशर्त अनुदान	४६००४९९३०		नगर प्रशासनिक भवन	८३०२२२१	
घ) समपुरक अनुदान	१८२०००००		राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	७७७४६५	
ङ) विशेष अनुदान	१२०००००		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९६९११६६	
३. वित्तीय हस्तान्तरण (प्रदेश)			**ऋणको ब्याज भुक्तानी**	०	
क) समानीकरण अनुदान	१२३१००००		**कार्यसञ्चालन कोषबाट भएको खर्च**		१५०७२८२३२.६
ख) राजस्व बाँडफाँट	२०४२७३९९		**प्रकोप व्यवस्थापन कोष**	१६८३९८०१	
ग) सशर्त अनुदान	९५०००००		विभाज्यकोष बाँडफाँड	११२९९१२७३.५८	
घ) समपुरक अनुदान	०		विविधखर्च	१३८४०२६७	
ङ) विशेष अनुदान	०		विविध कोषखाताको खर्च	७००८८९१	
च) रोयल्टी			**धरौटी फिर्ता तथा सदर स्याहा**	४८०००	
छ) अन्य स्थानिय राजस्व बाडफाँड	१४५२७८८६९.५८		**अनुदान फिर्ता**		
४. अन्तर सरकारी अख्तियारी (संघ)		३१२०००११०	**१. संघ तर्फ**		५६५११९३८.६३
क) सामाजिक सुरक्षा	२९३२२९२५८		क) सशर्त अनुदान	५६०८९३६३.६३	
नगर प्रशासनिक भवन	८३०२२२१		ख) विशेष अनुदान	२४८००	
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	७७७४६५		ग) समपुरक अनुदान	३९७७७५	
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९६९११६६		**२. प्रदेश तर्फ**		
८. कार्यसञ्चालन कोष आय		११३६४९७५१.५	क) सशर्त अनुदान	०	
प्रकोप व्यवस्थापन कोष	१२०००००		ख) विशेष अनुदान	०	
विभाज्य कोष	९०२७५४१६.१८		ग) समपुरक अनुदान	०	
कर्मचारी कल्याण कोष	१००००००		**अन्तिम मौज्दात**		२५०८२९२३९.१६
धरौटी आय	२२६३७५२.५		१.संचित कोषको मौज्दात	१९३१६९५६३.२६	
विविध खर्च खाता	८११०५८२.८३		२.धरौटी	१६०९३९०७.१८	
			प्रकोपव्यवस्थापन कोष	५३४१४२५.९६	
			विविध कोषखाता	३४८३५१२	
			विविध खर्चखाता	४४१४२०.३६	
			विभाज्य कोष	३२२९९४१०.४	
जम्मा	१७३३०१८३३६.५	१७३३०१८३३६.५	**जम्मा**	१७३३०१८३३६.५	१७३३०१८३३६.५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प. फाराम २७०) अनुसुचीमा रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **वित्तिय विवरणको परीक्षण -**

४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोबार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २९३२२९२५८।० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु. ९६९११६६। ० नगर प्रशासनिक भवन तर्फ रु. ८३०२२२१।० र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ रु. ७७७४६५।० गरी जम्मा रु. ३१२०००११०।० सुत्रमा लेखा राखेको छैन।जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४.२ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७४८५६१७.७३, यस वर्षको प्राप्ती रु. ३१६०४५८३९.११, यस वर्षको भुक्तानी रु. ३१२०००११०.०० र बैङ्क मौज्दात रु. २१०६.७२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२८८५४२४०५.२७	९६२३१४१३०.७३	९६२९४८८१६.११	२५०८२७१३२.४४
एकीकृत आर्थिक विवरण अनुसार (बैंक अनुसार)	२९६०२८०२३.	१२७८३५९९६९.८४	१२७४९४८९२६.११	२५०८२९२३९.१६
फरक	**७४८५६१७.७३**	**३१६०४५८३९.११**	**३१२०००११०.**	**२१०६.७२**

४.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ।गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. २९६०२८०२३.०० रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. २९६०२८०२३.०० नै जिम्मेवारी सारेको छ।

४.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार फरक परेको छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैक स्टेटमेन्ट अनुसार	फरक
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००	०.००
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व	०.००	०.००	०.००
ग १.३, आन्तरिक अनुदान	०.००	०.००	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००
ग ३.१, स्धानीय तह धरौटी खाता	१६०९३९०७.००	१६०९३९०७.००	०.००
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१९३१६९५६३.२६	१९३१६९५६३.२६	०.००
ग २.३ स्थानीय तह विविध खर्च खाता	४४१४२०.२०	४४१४२०.२०	०.००
ग ५.१, स्थानीय तह विविध कोष खाता	३४८३५१२.००	३४८३५१२.००	०.००
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	३२२९९४१०.४०	३२२९९४१०.४०	०.००
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५३४१४२५.९६	५३४१४२५.९६	०.००

पालिकाले म.ले.फा.नं.२१२ तयार गरेको पाइएन।सुत्रमा आम्दानी बाँधिएको रकम सँग स्थानीय तह संचित कोष खाता, विविध खर्च खाता र धरौटी खाता लगायतका अन्य खाता बैंक स्टेटमेन्टसँग भिडान गर्दा फरक पर्न गएको देखिएन।

५ **बजेट तर्जुमा र कार्यान्वयन** -

५.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमीकिकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८१।३।१० गते रु. १ अर्ब २१ करोड ३ लाख ९६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनको प्रावधान बमोजिम समयमै अख्तियारी प्रदान गर्नुपर्दछ ।

५.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	३५१९१०००.००	१९४८९३४७.५६	५५.३८
सामाजिक विकास	५६७०६८८५०.००	४८२८८०८५६.४९	८५.१५
पूर्वाधार विकास	४२४१८४२६२.०८	२५४२४८९३२.१०	५९.९४
सुशासन र अन्तरसम्बन्धित क्षेत्र	४९२९१०७६.००	४९२९१०७६.००	४५.१७
कार्यालय संचालन तथा प्रशासनिक	२३३४६७७००.००	१८४०६३४३६.९६	७८.८४
जम्मा	**१३०९२०२८८८.०८**	**९६२९४८८१६.११**	**७३.५५**

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५५.३८ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८५.१५ प्रतिशत, पूर्वाधारतर्फ ५९.९४ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ४५.१७ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ७८.८४ प्रतिशतले खर्च गरेको छ।पालिकाले कार्यालय सामाजिक विकास क्षेत्रमा अधिक खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र र आर्थिक विकास तर्फ बजेट विनियोजन एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

५.५ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडागत र पालिकास्तरका लागि ३४० योजना तथा कार्यक्रममा रु. २३२६५२१२२.५० वजेट विनियोजन गरि खर्च गरेको छ।

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाखभन्दा कमको योजना	१०	६००३९०.११
२	रू.१ लाख देखि रू.२ लाख सम्मका योजना	२४	३००२६५६.३९
३	रू.२ लाख देखि माथि रू.५ लाख सम्मका योजना	१२५	३८७१०२३४.००
४	रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना	११२	६६६८९८२७.००
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	५१	६२९७४७९९.००
६	रू.२५ लाख भन्दा माथीका योजना	१९	६०६७४२१६.००
	जम्मा	**३४०**	२३२६५२१२२.५०

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजना तथा कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ३४० वटा योजना तथा कार्यक्रम संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १५९ वटा योजना छन् । जुन कुल योजना तथा कार्यक्रम संख्याको ४६.७६ प्रतिशत हुन आउँछ।जसले गर्दा सञ्चालित योजना तथा कार्यक्रमवाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमजोर हुन सक्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

५.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथमत्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पूँजीगत	४६८२३	०	०	६८३९	३९९८४	२६६३०
२	प्रदेश पूँजीगत	९५००	०	०	०	९५००	९५००
३	न पा पूँजीगत	३३१७४६	७३२	४४५५२	९४००६	१९२४५६	१०९१०७
	कूल खर्च	**३८८०६९**	**७३२**	**४४५५२**	**१००८४५**	**२४१९४०**	**१४५२३७**
	खर्च प्रतिशत	**१००.**	**०.१९**	**११.४८**	**२५.९८**	**६२.३४**	**३७.४२**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.३८८०६९.०० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ७३२.०० हजार (०.१९) प्रतिशत खर्च नभएको, दोस्रो त्रैमासिकमा रु. ४४५५२.०० हजार (११.४८) प्रतिशत, तेस्रो त्रैमासिकमा रु. १००८४५.०० हजार (२५.९८) प्रतिशत र चौथो त्रैमासिकमा रु. २४१९४०.०० हजार (६२.३४) प्रतिशत खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.१४५२३७.०० हजार (३७.४२) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५.७ **अवण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाको वजेट नमुना छनौटका आधारमा विश्लेषण गर्दा यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई ३ वटा कार्यक्रममा रु.३५१२२२०६।० बजेट व्यवस्था गरी खर्च गरेको देखिन्छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र. स	संचालित योजनाको नाम	खर्च रु
१	मागमा आधारित साना पुर्वाधार	१००००००००।००
२	जलस्रोत तथा सिचाँई	४४६२६५३।००
३	जग्गा प्राप्ति तथा संरक्षण	२०६५९५५३।००
जम्मा		**३५१२२२०६।००**

५.८ **कार्यान्वियन नभएका कार्यक्रमहरु -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि रू. १ अर्ब २१ करोड ३ लाख ९६ हजारको बजेट पारित गरेको छ।बजेटमा समावेश भएका कुल ८१५ वटा कार्यक्रम मध्ये ४९ वटा योजना तथा कार्यक्रममा बजेट विनियोजन नगरेको तथा १७७ वटा योजना तथा कार्यक्रमहरू कार्यान्वियन गरेको पाइएन।पालिकाले बजेटमा समावेश भएका कार्यक्रमहरु कार्यान्वियन गर्न पहल गर्नुपर्दछ।कार्यान्वियन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

सि.नं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन
१	लागू औषध पर्नस्थापना केन्द्रको अधुँरो कम्पाउण्डवाल निर्माण बनपा ३	३१११२	राजस्व बाँडफाँड — स्थानीय	१३००००००
२	नगर प्रशासनिक भवन निर्माण	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१००००००००
३	सर्पदंश भवन निर्माण बनपा ३	३१११२	राजस्व बाँडफाँड — स्थानीय	१०००००००
४	परियोजना कार्यालय देखि खजुरिया हुँदै गौशाला जोड्ने सडक कालोपत्रे	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	३९४०७१९
५	बनपा ५ गढन्ता जाने दोबाटो ढुंग्रे गाँउ जाने बाटो कालोपत्रे	३११५१	आन्तरिक श्रोत	२८०६५६३
६	बद्रि कोईरालाको घर देखि पुर्व हमाल टोल जाने बाटो पिसिसि ढलान	३११५१	राजस्व बाँडफाँड — स्थानीय	१०००००००
७	खजुरिया जाने भब्सी खोलामा पुल /कल्भर्ट निर्माण	३११५१	आन्तरिक श्रोत	५६९७३८९.०८
८	बर्दिवास सहकारी देखि पुर्व बजार जाने बाटो ढलान बनपा १	३११५१	राजस्व बाँडफाँड — स्थानीय	१०००००००
९	मोहनमार्ग ससस्त्र क्याम्प हुँदै झ्याकुले टोल सम्म सडक कालोपत्रे	३११५१	आन्तरिक श्रोत	२७४८४६९.००
१०	बेचु वि क को घर हुँदै श्याम महतोको घर देखि चौतारा सम्म सडक	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२००००००
११	खजुरिया जाने भप्सी खोलामा पुल निर्माण	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२८११०६१.००

६ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि

विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन।

• सन् २०३० सम्म दीगो विकास लक्ष्य हासिल गर्न दीगो विकासका लक्ष्यहरुको आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

• पालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको भएता पनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मुल्याकंन गरेको पाइएन।

• पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको छैन।मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको पाइएन।

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिइएको पाईएन।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन।

• इन्धन खर्च लेख्दा PAMS मा प्रबिष्ट गरी लगबुक राखेर मात्र खर्च लेख्नुपर्नेमा PAMS मा प्रविष्ट गरेको पाइएन।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेस भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको पाइएन।

• पालिकाद्धारा संञ्चालित सबै योजनाहरुको स्थलगत अवलोकन नगरिएको कारण योजना तथा कार्यक्रमहरुको वास्तविक अवस्था यकिन हुन सकेन साथै नियममा व्यवस्था भए अनुसार वार्षिक प्रगती विवरण तयार नगरेको कारण सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कुनैपनि कार्यक्रमको आन्तरिक लेखापरीक्षण गराएको छैन । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ पालिकाको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तीय समानिकरण, शसर्त, राजश्व वाँडफाँड लगायत सबै कारोबारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत आन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ।

८ **आन्तरिक लेखापरीक्षण शाखा** -

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोबार, आन्तरिक जाच एवम् आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएतापनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोबार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोबारको यथार्थता एवम् वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

९ **म.ले.प. फारमहरूको प्रयोग** -

महालेखा नियन्त्रक कार्यालयले साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. फारमहरू, २०७६ संचालनमा ल्याएको छ। पलिकाले आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै म.ले.प.फा.नं. ९०९ भ्रमण प्रतिवेदन ढाँचा म.ले.प.फा.नं. ९०८ भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीहरुको भ्रमण अभिलेख खाता, म.ले.प.फा.नं. ९०७ दैनिक कार्यसम्पादन विवरण, म.ले.प.फा.नं. ९०६ परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, म.ले.प.फा.नं. ९०५ सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, म.ले.प.फा.नं. ९०४ प्राप्ती रसिद नियन्त्रण खाता आदि म.ले.प.फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

१० **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिका भित्र वचत तथा ऋण सहकारी संस्था र कृषि सहकारी संस्था गरि ९८ वटा सहकारी संस्था दर्ता रहेकोमा ५३ वटा सहकारी संस्था कोपोमिसमा प्रविष्ट भएको तथा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ५३ वटा सहकारी मध्ये ५ वटा सहकारीले मात्र विवरण दाखिला गरेको र ४८ वटा सहकारीले विवरण दाखिला गरेको देखिएन।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणमा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

११ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले

सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार सशर्त, विषेश र समपूरक चालु र पूँजिगत अनुदान संघीय सरकार तर्फ रु. ५६५११९३८.६३ फिर्ता भएको र मधेश प्रदेश सरकार तर्फ फिर्ता गर्न बाँकी रहेको देखिएन।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त	४६००४९९३०	४०३९६०५६६।३७	५६०८९३६३।६३
	विषेश	१२०००००	११७५२००	२४८००
	समपुरक	१८२०००००	१७८०२२२५	३९७७७५
	समानिकरण	१५१५८७५२०	१५१५८७२०	०
प्रदेश सरकार	शसर्त	९५०००००	९५०००००	0
	विषेश	0	0	०
	समपुरक	0	0	०
	समानिकरण	१२३१००००	१२३१००००	०
	जम्मा	६५२८४७४५०	५९६३३५५११.४०	५६५११९३८।६३

१२ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।पालिकाले मापदण्ड र कार्यविधि तयार गरी आर्थिक रुपमा विपन्न परिवारलाई रु. ५०००।० वा सो भन्दा बढीको दरले रु.५०९८५००।० आर्थिक सहायता वितरण गरेको छ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४४९८०५९२.१६ को ११.३४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१३ **सेवा प्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका नागरिकहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह वृद्धि गरी स्थानीय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाहलाई अभिलेखिकरण गर्नुपर्दछ।पालिकाले प्रवाह गर्ने सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधीसँग आबद्ध गर्ने तथा सेवा प्रवाहमा नागरिक सन्तुष्ट सर्वेक्षण गर्न सार्वजनिक सुनुवाई गरी नागरिकलाई शासन व्यवस्थाको सुखद अनुभूति दिलाउनुपर्दछ।उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	४६
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१२४०
मृत्युदर्ता	४५७
बसाईसराई दर्ता	७६७
विवाह दर्ता	६१६
सम्बन्धविच्छेद दर्ता	५६
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	११
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१६
ग्राभेल सडक मर्मत	५

भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः पालिकामा भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको अवस्था देहाय बमोजिम रहेको छ।

क्र.स.	विवरण	घरधुरी संख्या
१	भूमिहिन दलित	४९५
२	भूमिहिन सुकुम्बासी	९७२
३	अव्यवस्थित बसोबासी	८२०६
	जम्मा निवेदन	**९६७३**

१४ **फोहोरमैला व्यवस्थापन** -

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ।पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन नसकेको, पालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिको तर्जुमा गरेको देखिदैन।पालिकाले फोहोरमैला व्यवस्थापनको अल्पकालिन मध्यकालीन तथा दिर्घकालिन रणनिति अवलम्वन गरि वढ्दै गरेको सहकरीणलाई समेत मध्यनजर गर्दै कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गरेको छैन।पालिका क्षेत्रभित्र उत्पादन फोहोरमैला व्यवस्थापनको लागि पालिकाले व्यवस्थापनको कार्य शूरु गरेको छैन। पालिकाले स्थायी संरचना निर्माण गरी फोहोरमैलाको दिगो व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्ने लगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ।

१५ वार्षिक लक्ष्य तथा प्रगति -

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय पठाउनुपर्नेछ ।त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन ।अतः पालिकाले नियमावलीले तोकेबमोजिमको प्रगति विवरण तयार गर्नुपर्दछ।प्रगति विवरण तयार गरी पेश नगर्नेलाई जिम्मेवार बनाउनुपर्छ।

१६ सार्वजनिक सम्पत्तिको रेखदेख -

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१७ गत विगतको भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।पालिकाले यस वर्ष चालु तर्फ १ वटा कार्यक्रमको रु. ४७५०००.०० र पुँजिगत तर्फ २३ वटा योजना तथा कार्यक्रमको रु.१३५३६९३७३.०० गरि जम्मा रु.१३५८४४३७३.०० विगत वर्षको भुक्तानी दिएको छ।पालिकाले आइटमवाइज कच्चाबारी प्रमाणित तथा नगर सभाबाट पारीत गरी बजेट विनियोजन गरी भुक्तानी दिए तापनि ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरी सोहि अनुसार खर्च लेख्नुपर्दछ ।

१८ खर्च विश्लेषण -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४४९८०५९२.१६ राजस्व बाँडफाँड र अनुदानबाट रु. १३२३३४०५६२.०० समेत रु. १३६८३२११५४.१६ आम्दानी भएकोमा चालु तर्फ रु. ५७४८७९७७४.०१ र पूँजिगत तर्फ रु. ३८८०६९०४२.१० समेत रु. ९६२९४८८१६.११ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.६७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १२८४६०००.० खर्च भएको छ जुन आन्तरिक आयको २८.५६ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान, अन्य कोष र राजस्व बाँडफाँडबाट प्राप्त भएको कुल रकम रु. १७३३०१८३३६.५० मध्ये तालु तथा पूँजिगत खर्च रु. ९६२९४८८१६.११ भएकोमा चालु तर्फ ५९.७० प्रतिशत र पूँजिगत तर्फ ४०.३० प्रतिशत खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१९ न्यायिक कार्यसम्पादन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले पेश गरेको न्यायिक समिति प्रगति प्रतिवेदन अनुसार गत वर्षको बाँकी मुद्दा ४१ रहेकोमा यस वर्ष थप भएको मुद्दा संख्या ५८ गरि कुल मुद्दा संख्या ९९ दर्ता भएकोमा ६२ वटा मात्र फर्स्यौट भई ३७ विवाद बाँकी रहेको देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा हुने गरी टुङ्गो लगाउनुपर्दछ।

२० कानून निर्माण र कार्यान्वयन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ५४ वटा कार्यविधि तथा निर्देशिका, ३ वटा नियमावली र नीति तथा मापदण्ड ३ सहित ७४ वटा

कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।पालिकाले नमुना कानूनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वियनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ।पालिकाले कार्यान्वियनमा ल्याएको ७४ वटा कानुन राजपत्रमा प्रकाशित भएको पेश भएन। पालिकाले राजपत्रमा प्रकाशन गरि कार्यान्वियनमा ल्याउनुपर्दछ।

२१ **सहकारी** -

यस पालिकामा ९८ वटा सहकारी संचालनमा रहेकोमा ३२ वटा सहकारी क्रियाशिल अवस्थामा रहेको र ६६ वटा सहकारी निस्क्रिय अवस्थामा रहेको पाइयो।पालिकामा दर्ता भएका सहकारी संस्थाको अवस्था अद्यावधिक गरि विवरण पेश नभएको तथा अनुगमन समेत नगरेकोले पालिका भित्रका सहकारीको अवस्था समस्याग्रस्त रहे वा नरहेको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले सहकारीको अनुगमन गरि समस्याग्रस्त रहे नरहेको एकिन गरि रेकर्ड तयार गरि राख्नुपर्दछ।

२२ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम १ बमोजिम कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण तथा उपनियम २ बमोजिमको कुराहरु उक्त प्रतिवेदनमा खुलाई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था उल्लेख रहेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराएको छैन जसले गर्दा जिन्सी सम्पत्ती व्यवस्थापनको सम्बन्धमा विश्लेषण गर्न सकिएन । अतः नियमावली उल्लेख भए बमोजिम जिन्सी निरीक्षण गराई जिन्सी सम्पत्तीको संरक्षण, सम्वर्द्धन र उपयोगमा प्रभावकारीता हासिल गर्नुपर्दछ।

२३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** -

स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८१ दफा ६(१) बमोजिम स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था उल्लेख रहेको छ ।नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५।०९।०९ स्वीकृत दरबन्दी अनुसार यस नगरपालिकाको कार्यालयतर्फ ३२ र वडा तर्फ २८ तथा कृषि विकास शाखामा ५ गरी जम्मा ६५ दरबन्दी रहेकोमा त्यसपश्चात पालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विभिन्न पदहरुको दरबन्दी पुनरावलोकन गरेको छैन ।लेखापरीक्षणको क्रममा पालिका तर्फ ५० जना स्थायी कर्मचारीहरुको पदपूर्ति भएको देखिन्छ भने बाकी पदहरुमा करार तथा ज्यालादारी कर्मचारीहरु नियुक्ती गरी कार्यसंचालन गरेको पाईयो ।अतः पालिकाले स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरवन्दी अनुसारका पदहरुमा कर्मचारीहरुको स्थायी पदपूर्तिका लागि सम्बन्धित निकायमा माग आकृति विवरण फाराम पेश गरी पदपूर्ती गर्नुपर्दछ ।

२४ **कर्मचारी कल्याण कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले कर्मचारी अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नु पर्ने र स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबको दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१०,००,०००। ट्रान्सफर र यस वर्ष रु. २५०४५४४/- खर्च लेखेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२५ **धरौटी व्यवस्थापन** -

पालिकाको श्रेस्ता तथा बैङ्क विवरण अनुसार यस वर्ष अल्या गरेको धरौटी रु.१३८७८१५४।– तथा यस वर्षको अन्त्यमा श्रेस्ता तथा बैङ्क विवरण अनुसार रु.१६०९३९०७।– रहेको देखिन्छ ।साथै श्रेस्ता तथा बैङ्क विवरण अनुसार नाम नामेशी नखुलेको एकमुष्ट

पालिकाको नाममा रु.२४४७४०६।– धरौटी रहेको छ ।पालिकाले उक्त धरौटी रकम विगत वर्ष देखि अल्या हुँदै आएको बताए तापनि नाम नामेशी नखुलेको धरौटी रकमको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने र एकिन हुन नसकेमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ बमोजिम सदरस्याहा गरी राजस्व आम्दानी बाध्नुपर्दछ ।

२६ **तलबी प्रतिवेदन** -

मधेश प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ४४ को उपदफा ३ बमोजिम प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबि प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नगरपालिका तर्फका सम्पूर्ण स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी पारिश्रमिक भुक्तानी दिनुपर्नेमा आंशिक कर्मचारीहरुको मात्र तलबी प्रतिवेदन पारित गरी यस वर्ष ५० जना कर्मचारीहरुको पारिश्रमिक भुक्तानीमा रु.३२४३२२५५।- खर्च गरेको छ । तथा स्वास्थ्य तर्फ ५६ जना कर्मचारीको रु. ५,३८,९९,८२६.४८ तलबि प्रतिवेदन पारित नगरी खर्नच लेखेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन ।कानुन अनुकुल तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

२७ **करार तथा ज्यालादारी सेवा शुल्क** -

मधेश प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १४ मा कम्प्युटर अपरेटर पद र सवारी चालक र कार्यालय सहयोगी पदबाट सम्पादन गरिने कार्य दरबन्दी भित्र रही सिधै व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य गराउन सकिने तथा चौकीदार,इलेक्ट्रिसियन, प्लम्बर,माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य तोकिए बमोजिमका कामदारलाई आवश्यकता र औचित्यता पुष्ट्याई सहित दैनिक ज्यालादारीमा काममा लगाउन सकिने र सेवा करार गर्दा वा ज्यालादारीमा काममा लगाउँदा दिइने पारिश्रमिक सम्बन्धित स्थानीय तहको आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नुपर्ने व्यवस्था उल्लेख रहेको र माथि उल्लेखित पदको अवस्थामा बाहेक स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ती गर्न नपाइने व्यवस्था उल्लेख रहेको छ । नगरपालिकाले यस वर्ष नगरतर्फ २८ जना, नगर अस्पतालतर्फ ४ जना करारमा तथा नगर अस्पतालमा ६५ जना, स्वास्थ्य केन्द्रहरुमा ४७ जना, वडाहरुमा ३५ जना, एग्रोभिलेजमा ८ जना,नगरपालिका २६ जना ज्यालादारीमा नियुक्ती गरी यसवर्ष करार तथा ज्यालादारी शुल्कमा रु.५६८४८४०७।- पारिश्रमिक भुक्तानी दिएको छ ।साथै मधेश प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १४ मा उल्लेखित बाहेकका पदहरुमा पनि विभिन्न कर्मचारीहरु ज्यालादारीमा नियुक्ती गरी पारिश्रमिक भुक्तानी दिएको नियमसम्मत नभएको रु.

विवरण	पद	संख्या	पारिश्रमिक भुक्तानी रु.
वडा तर्फ	सहायक कम्प्युटर अपरेटर	३	११८४४७२
	कार्यालय सहायक	७	२७६३७६८
पालिकातर्फ	कम्प्युटर अपरेटर	१	४१६७६०
	सहायक कम्प्युटर अपरेटर	५	१९७४१२०
स्वास्थ्य चौकी र बर्थिङ सेन्टर	अ.हे.व र अ.न.मी	१९	५८१३००३
नगर अस्पतालतर्फ	मेडिकल अधिकृत आठौ तह	२	११७००००
	सहायक पाचौ	१८	४३७४०००
	सहायक चौथौ	२४	५१८४०००
जम्मा			२२८८०१२३

अनियमित भएको	२,२८,८०,१२३

२८ **विविध खर्च** -

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । यो वर्ष पालिकाले नगरतर्फ र वडातर्फ रु.३१८७८७७।- खर्च गरेको छ । जुन

आन्तरिक आम्दानी रु.४४९८०५९२।१६ को ७ प्रतिशत हुन आउँछ ।विविध खर्च बापतको यस्तो रकम खाजा, नास्ता तथा अतिथि सत्कार र पुजा पाठ जस्ता विविध शीर्षकमा खर्च गरेको छ ।विविध शीर्षकबाट खर्च गर्न सकिने क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई ,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत तथा आन्तरिक आम्दानीलाई समेत विचार गरी खर्च लेख्नुपर्ने र उचित कारण तथा औचित्य बिना बिल पेश गरेकै भरमा भुक्तानी दिने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायीसँग तोकिएको सीमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन शीर्षकबाट रु.२९०३२२४।– सूचना प्रकाशन खर्च लेखेको छ। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द ,रंगीन वा स्यामस्वेत र सीसी तथा छुट सुविधा जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

३० **भ्रमण खर्च -**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।यस विभिन्न पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण वापत रु.२६०००००।खर्च लेखेको छ । भ्रमण अभिलेख अनुसार पदाधिकारी तथा कर्मचारीहरुले ४०५ पटक भ्रमण खर्च लिएको देखिए तापनि उक्त अभिलेख व्यवस्थित सँग राखेको देखिदैन ।भ्रमणको उद्धेश्यमा कार्यालय कामकाज उल्लेख भए तापनि भ्रमण पश्चात सो कामलाई प्रमाणित गर्ने कागजात तथा भ्रमण प्रतिवेदन पेश गरेको देखिदैँन । अतः पालिकाले भ्रमणमा खटिने कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण अभिलेख खाता म.ले.प.फा.नं ९०८ र भ्रमण प्रतिवेदन ढाँचा म.ले.प.फा.नं ९०९ व्यवस्थित सँग राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३१ **पदाधिकारी सेवा सुविधा -**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सेवा सुविधा सम्बन्धि ऐन, २०७७ अनुसार स्थानीय तहका जनप्रतिनिधीहरुले मासिक रुपमा विभिन्न शीर्षकहरुमा सेवा सुविधा पाउने व्यवस्था उल्लेख छ ।जस अनुसार पालिकाले यस वर्ष ७० जना पदाधिकारीहरुको पारिश्रमिकमा रु.सेवा सुविधा वापत रु.१२८४६०००।– र पदाधिकारी बैठक भत्तामा रु.१४९६४०० गरी जम्मा रु.१४३४२४०० खर्च लेखेको छ । पदाधिकारीहरुको सेवा सुविधामा खर्च लेखेको रकम पालिकाको कुल आन्तरिक आम्दानी रु.४,४९,८०,५९२।१६ को ३१.८८ प्रतिशत हुन्छ।तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सीमाभित्र राख्नुपर्दछ।

३२ **प्रमाण पेश गर्नुपर्ने -**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाईको आधारमा मात्रै खर्च लेख्नुपर्ने तथा नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले तपशिल बमोजिमका फर्महरुलाई भुक्तानी दिदा आवश्यकता कागजात, बील र प्रमाण बेगर भुक्तानी दिएको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
७०९-२०८२।०१।१६	नारायण सरको घरबाट चौतारासम्मको बाटो ढलान समिती	९९४२१	सीताराम मन्दिरमा ४ थान मूर्ति खरिद तथा प्रतिस्थापन कार्यमा अरमान एण्ड लक्ष्मी इन्टरप्राइजेज बाट मूर्ति खरिद गरेकोमा फोटोकपी बीजक पेश गरेको
१०११-२०८२।०३।२४	पब्लिक एड एण्ड सप्लायर्स प्रा.लि	८३०५५	सूचना प्रकाशनको फोटोकपी बीजक पेश
६५०-२०८१।१२।२२	कालिका नर्सरी फर्म	७६५००	फोटोकपी बीजक पेश
५०४-२०८१।११।०८	बर्दिबास संचार सहकारी संस्था लि.	२००००	श्रेस्तासाथ सूचना प्रसारणको प्रमाण संलग्न नरहेको
	रेडियो बर्दिबास संचार सहकारी संस्था लि.	५०००	
जम्मा		२८३९७६	

प्रमाण पेश नगरेको	२,८३,९७६

३३ **वडा संचालन खर्च** -

पालिकाले यस वर्ष वडा संचालन खर्चतर्फ प्रत्येक वडाहरुलाई खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री लगायतका शीर्षकहरुमा मासिक रु.२००००।– का दरले बजेट विनियोजन गरी रु.३३०८६५५।- खर्च लेखेकोमा विभिन्न वडाहरुले वडा बजेट अन्तर्गत विविध खर्च शीर्षकमा बजेट विनियोजन गरी विभिन्न सामाग्रीहरु खरिद, आर्थिक सहायता,खाजा तथा धार्मिक पर्वहरु लगायत विविध शीर्षकहरुमा रु.४०८९०३२।– खर्च गरेको देखिन्छ।वडा संचालन खर्चमा शीर्षक वाइज बजेट विनियोजन नगरी एकमुष्ट वडा संचालन खर्च तथा विविध शिर्षकमा बजेट विनियोजन गरी खर्च लेख्दा कुन शीर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्यांकन गर्न नसकिने हुँदा नेपाल सरकारको आर्थिक संकेत,वर्गीकरण र व्याख्या बमोजिम बजेट विनियोजन र खर्च लेख्नु पर्दछ । साथै वडाहरु र कार्यालयलाई वार्षिक रुपमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र खरिद भएका सामाग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ ।

३४ **ईन्धन खर्च** -

पालिकाले यो वर्ष इन्धन कार्यालय तथा अन्य प्रयोजन बापत रु.६०५२८६१- को इन्धन खर्च लेखेको छ ।यसरी खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा राखेको पाइएन ।इन्धन खर्चको व्यवस्थित लगबुक तथा आवश्यक अभिलेख वेगर इन्धन खर्च भुक्तानी दिनु उचित देखिदैन ।पालिकाले उपलब्ध गराएको चालु अवस्थामा रहेका सवारी साधन विवरण अनुसार सफारी स्ट्रोम जीप १, जेनोन पिक अप १, ब्याक हो लोडर १, दमकल १, टिपर १, स्कोरपियो १, शव वाहन १, एम्बुलेन्स ३ तथा ३३ वटा मोटरसाईकल प्रयोगमा रहेको देखिन्छ। लेखापरीक्षणको क्रममा सवारी साधन प्रयोगकर्ता वाइज कुन-कुन सवारीसाधनमा के कति मात्रामा इन्धन खपत भएको छ भनी इन्धन खपतको लगत पेश गर्न भनिएकोमा पालिकाले पेश गरेन ।जसले गर्दा इन्धन खर्च मितव्ययी तरिकाले उपयोग भएको छ भनि एकिन गर्न सकिएन। अतः इन्धन खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राखी इन्धन खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ।

३५ **सवारी मर्मत तथा सम्भार खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तथा लागत अनुमान तयार नगरी पालिकाका विभिन्न सवारी साधनहरुको मर्मत तथा सम्भारमा रु.३०६०८६१ र नगर अस्पतालको एम्बुलेन्स तथा शव वाहन मर्मतमा

रु.२४९६९४१ खर्च लेखेको छ । श्रेस्तासाथ संलग्न कागजात अनुसार २ वटा एम्बुलेन्स दुर्घटनामा परेको र उक्त एम्बुलेन्स मर्मतमा बढि खर्च भएको देखिन्छ । अतः जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने तथा सवारी साधन मर्मत गर्दा सम्बन्धित सवारी चालकबाट मर्मत गर्नुपर्ने मनासिव कारण सहितको मर्मत आदेश फाराम तथा प्राविधिक पक्षबाट मर्मत गर्न लाग्ने लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक र मितव्ययी तवरले मर्मत सम्भार गराई सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

३६ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ रु. ६३६४७६३८८.०८ बजेट विनियोजन गरी वार्षिक रु. ३८८०६९०४२.१० पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३७ **गुणस्तर परीक्षण** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन।गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

३८ **खरिद कारवाहीको अभिलेख** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति १४९(२) वमोजिमका कागजातहरु समावेश गरि अभिलेख बनाई छुट्टै फाईल खडा गरी राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। व्यवस्थित रुपमा फाईल खडा गरी नराखेकोले पालिकाले गरेका निर्माण तथा खरिद सम्झौताको कार्यान्वयन अवस्था सम्वन्धमा निर्क्यौल हुन नसक्ने र पालिकाको कार्यमा समेत सहजता हुन नसक्ने देखिन्छ । साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन।जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था देखिएन । पालिकाले खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउनु पर्दछ ।

३९ **असुल गर्नुपर्नेः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **म्याद नाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.६,७६,५००/- बाँकी रहेको देखिन्छ।समयमा फर्स्यौट नभई बाँकी रहेको पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

गो.भौ.नं.।मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	फछ्यौंटको अन्तिम म्याद	पेश्की रकम
११९-२०८१/११/०४	स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा , रक्तसंचार , न्यानो झोला , सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम	बली राय	१२/१०/२०८१	६,५००
४८१-२०८१/११/०४	स्वास्थ्य संस्थाबाट प्रसुती गराए वापत नगरपालिकाबाट थप यातायात खर्च प्रतिव्यक्ति रु १०००।	बली राय	१२/१०/२०८१	८,०००
१९०-२०८२/०१/१७	स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम	सिता कुमारी	०२/२१/२०८२	३,५०,०००
७१४-२०८२/०१/१७	स्वास्थ्य संस्थाबाट प्रसुती गराए वापत नगरपालिकाबाट थप यातायात खर्च प्रतिव्यक्ति रु १०००।	सिता कुमारी	०२/२१/२०८२	१,००,०००
२११-२०८१/१०/२९	सर्पदंश निशुल्क उपचार खर्च	सर्पदंश उपचार केन्द्र बर्दिवास	१२/०५/२०८१	२,१२,०००
	जम्मा			६,७६,५००
			पेश्की	६,७६,५००

४१ **म्याद ननाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १ कार्यक्रममा यूवानी कन्स्ट्रक्सन प्रा. लि. लाई रु.२,९०,०००/- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

४२ **गत विगतको पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(३) मा निर्धारित समयमा पेश्की फर्छ्यौट गर्न नसकिएमा कार्यालयले पेश्की फछ्र्यौट नगर्ने व्यक्ती, फर्म, संस्था वा कम्पनी नाम सार्वजनिक गरी ब्याज सहित सरकारी बाँकी सरह असुल गर्न सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने उल्लेख छ।पालिकाले वभिन्न कार्यक्रम संचालन गर्न कर्मचारी, व्यक्ती वा संस्थालाई गत विगत वर्षमा दिएको पेश्की रु.१,०६,५८,४४१/- फर्स्यौट नभई बाँकी रहेको देखियो।कार्यालय प्रमुखले गत विगत वर्षको पेश्की बांकी रकम नियमानुसार कारवाही गरी असुल फर्स्यौट गर्न पहल गर्नुपर्दछ।

गो.भौ.नं.।पेश्की दिएको मिति	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	पेश्कीको विवरण	रकम	फछ्र्यौटको अन्तिम म्याद
१-२०८१/०४/०१	कुमार भट्टराई	संचार महसुल	७०००	२०८२/०३/३२
१-२०८१/०४/०१	राधिका गुरूङ	आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना यातायात खर्च गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा	५०००००	२०८२/०३/३२
१-२०८१/०४/०१	जि.एस.निर्माण सन्सार कम्पनी प्रा.लि.	आधुनिक फोहोर मैला व्यवसथापन केन्द्र निर्माण	६६०९००	२०८२/०३/३२
१-२०८१/०४/०१	देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	चक्र बहादुर तोइ सिँहको घरदेखि सिरान सम्म सडक ढलान	१६८०००	२०८२/०३/३२
१-२०८१/०४/०१	देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	बनपा ५ गडन्ता जाने दोबाटो ढुंग्रे गाउँ जाने बाटो कालो पत्रे	१०००००	२०८२/०३/३२
१-२०८१/०४/०१	देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	माईस्थान बरडाडा सडक कालो पत्रे	९४०००	२०८२/०३/३२
१-२०८१/०४/०१	देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	मोहन मार्ग ससस्त्र क्याम्प हुदै झ्याकुले टोल सम्म सडक कालो पत्रे	१६८०००	२०८२/०३/३२
१-२०८१/०४/०१	देवीरमण कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	लोकमार्ग देखि दक्षिण जनता मा वि सम्म कालो पत्रे	२००००००	२०८२/०३/३२
१-२०८१/०४/०१	नेपाल विद्युत प्राधिकरण गौशला वितरण केन्द्र	उर्जा तथा ग्रामिण विद्युत्तीकरण कार्यक्रम तथा पोल तार व्यवस्थापन	६५०००००	२०८२/०३/३२
१-२०८१/०४/०१	धनराज लामा	खेलकुद	३६६०००	२०८२/०३/३२
१-२०८१/०४/०१	विन्दु नेपाली	वृक्षारोपण लगायत सरसफाइ सडक मर्मत कार्यक्रम	६१२४१	२०८२/०३/३२
१-२०८१/०४/०१	सुवास भट्टराई	संचार महसुल	२५००	२०८२/०३/३२
१-२०८१/०४/०१	सोम कुमार फुयाल	संचार महसुल	८००	२०८२/०३/३२
१-२०८१/०४/०१	सोम कुमार फुयाँल	संचार महसुल	३००००	२०८२/०३/३२
		जम्मा	१०६५८४४१	

४३ **कन्टिन्जेन्सी खर्चको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले कन्टिन्जेन्सी रकम कट्टी गर्ने गरेको छ।पालिकाले कन्टिन्जेन्सीको विवरण पेश नगरेकोले कन्टिन्जेन्सी कट्टी र खर्चको कति भएको हो एकिन गर्न सकिएन। कन्टिन्जेन्सी खर्चको अभिलेख नराख्ने र विवरण उपलब्ध नगराउनेलाई जिम्मेवार बनाउनुपर्दछ।पालिकाले खर्च नगरि नहुने कार्यमा मात्र यस्ता खर्च गरि कन्टिन्जेन्सी खर्चलाई नियन्त्रणमुखी र मितव्ययी बनाउनुपर्दछ।

४४ **सफ्टवेयर खरिद तथा संचालन -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी

कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ।स्थानीय तहले सफ्टवेयर खरिद गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन।पालिकाले निर्देशिकाले तोकेबमोजिम नियम पालना गरी सफ्टवेयर खरिद, संचालन र व्यवस्थापन गरि कार्यान्वयनमा ल्याउनुपर्दछ।आर्थिक वर्ष २०८१।८२ मा पालिकाले कुनै सफ्टवेयर खरिद नगरेको र गत विगत वर्षमा खरिद गरेको घर नक्शापास प्रणाली र न्यायीक समितिको मुद्दा व्यवस्थापन प्रणाली गरि दुई वटा सफ्टवेयर संचालनमा आएको देखिएन।खरिद गरिएका उक्त सफ्टवेयर संचालन गरि सरकारी सम्पत्तिको सदुपयोग गर्नुपर्दछ।

सफ्टवेयरको नाम	खरिद वर्ष	खरिद मिति	खरिद रकम	संचालनमा आए। नआएको	सूचना प्रविधि विभागबाट स्वीकृत लिए। नलिएको
घर नक्शापास प्रणाली	२०७८।७९	नखुलेको	४५००००.	नआएको	लिएको
न्यायीक समितिको मुद्दा व्यवस्थापन प्रणाली	२०८०।८१	नखुलेको	४०००००.	नआएको	लिएको
जम्मा			९५००००.		

४५ **प्रमाण पेश गर्नुपर्ने -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने तथा सम्बन्धित प्रचलित कानून भए सोही बमोजिम र नभएमा खरिद सम्झौतामा उल्लेखित कार्यविधि बमोजिम गर्नुपर्ने र आपूर्ति गरिएका मालसामान सम्बन्धित विज्ञ रहेको एक समितिबाट निरीक्षण वा परीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले गो. भौ. नं. ४३६।२०८२।०१।१५ बाट एस एस स्टोर एण्ड सप्लायर्सबाट मेशिनरी औजार खरिद गरेकोमा सोको जडान प्रतिवेदन र गुणस्तर परीक्षण गरेको छैन । सो सम्बन्धमा पालिकाले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,८२,६९९

४६ **Cost Estimate अनुसारको कार्य नभएको -**

गो भौ नं २२६।२०८१।११।०४ मा नारायण सरको घरबाट चौतारा सम्मको बाटो ढलान कार्यमा Cost Estimate मा PCC Work (1:2:4) को काम राखि Estimate गरिएको तर PCC Work (1:3:6) को काम गरिएको छ।नापि किताबमा ल्याब रिपोर्ट समेत राखिएको तर ल्याब रिपोर्ट संलग्न गरिएको छैन।यसकारण कार्य गुणस्तरयुक्त भएकोमा विश्वस्त हुन सकिएन।साथै बिल बिजक र प्रमाण विना भुक्तानी गरिएको ल्याब रिपोर्टको रु. १०००० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,०००

४७ **पूर्वनिर्धारित क्षतिपूर्ति -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतमा नबढ्ने गरि पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ।पालिकाबाट सडक मर्मत, ग्राभेल, नाला तथा ढलान लगायतका विभिन्न निर्माण कार्य गर्दा सम्झौता उल्लेख भए बमोजिम तोकिएको म्यादमा कार्यसम्पन्न भएको देखिएन।खरिद सम्झौताको शर्त अनुसार तोकिएको समयमा कार्य गर्न नसकेको र म्याद थप नभएको अवस्थामा मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन।खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

भौ नं र मिति	कार्य विवरण	निर्माण व्यावसायी	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न भएको मिति	बढी अवधी	सम्झौता रकम	बढी भुक्तानी
१२।२०८१।१२।२९	डि. पि. आर तयार	ग्रिनटेक कन्सल्ट्यान्ट प्रा ली काठमाण्डौं	२०८१।१२।३	२०८२।१२।२२	१९	११७५२००	१११६५
८८०।२०८२।२।१९	डि. पि. आर तयार	इन्फ्राटेक डिजाइनर एण्ड विल्डर्स प्रा ली काठमाण्डौं	२०८१।११।२८	२०८१।१२।२२	२४	४९२५००	५९१०
३८।२०८२।३।२०	भवन निर्माण	टुटेश्वरनाथ महादेव मन्दिर प्रांगणमा बजार व्यवस्थापन भवन निर्माण उ स	२०८१।३।७	२०८२।३।१९	१२	३०९९९४६	१८५९९
३९५।२०८२।१२।२९	डि. पि. आर तयार	बर्दिवास अस्पताल निर्माण विस्तार	२०८१।१२।४	२०८१।१२।२२	१८	६९६०८०	६२६५
जम्मा							**४१९३९**

असुल गर्नुपर्ने	४१,९३९

४८ ट्याक कोटमा बढी भुक्तानी -

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटरसम्म हुने व्यवस्था छ।नगरपालिकाले देहायका योजनाहरुमा बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.७ लिटर प्रति वर्गमिटरको दरले भुक्तानी गरेकोले पालिकाले स्पेसिफिकेसनले तोकेको माथिल्लो स्प्रे दरभन्दा बढी रू. १६२६९४।०० बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.

ठेक्का नं	भौचर नं	योजना	निर्माण व्यवसायी	सर्फेस परिमाण	परिमाण (हुनुपर्ने)	भुक्तानी भएको परिमाण	बढि परिमाण	दर	बढि भुक्तानी
BM/NCB/Works/2080/081-06	१०८।२०८१।९।१८	महादेव मन्दिर देखि पावन मिथिलाबाट राजमार्ग जोड्ने सडक कालोपत्रे	युनि ग्लोबल कन्स्ट्रक्सन प्रा. लि.६०३२१३४३		४६६७।४९	५४४५।४१	७७७।९२	१००	७७७९२
BM/NCB/Works/2080/081-05	१५।२०८१।९।९	हस्पिटलदेखि बेलगाछी सम्म सडक कालोपत्रे	बबिता निर्माण सेवा सर्लाही	४५३५।१	२७२१	३१७४।५९	४५३।५९	१००	४५३५९
BM/NCB/Works/2080/081-10	२७।२०८१।९।९	सब स्टेशनबाट भरत टोल हुँदै बाँके खोला सम्म पिच बाटो	ठाकुर निर्माण सेवा सर्लाही	३२९६।७४	१९७८।२	२३०७।७२	३२९।५२	१२०	३९५४३
जम्मा									१६२६९४

असुल गर्नुपर्ने	१,६२,६९४

४९ प्रोभिजनल सम -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी गर्दा संलग्न कागजात अनुसार रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्वस्था छ।पालिकाले निर्माण व्यावसायीलाई प्रोभिजनल सममा राखेको रकम सम्झौताको शर्त अनुसार भुक्तानी गर्दा रीत पूर्वकको बिल पेश भएको देखिएन।निर्माण व्यावसायीले अन्तिम बिल भुक्तीनी लगेकोमा ल्याव परीक्षण र बिमाको बिल पेश नगरी भुक्तानी लगेको देखिन्छ।निर्माण व्यावसायीलाई पि एस आईटमको रकम भुक्तानी गर्दा बिल वेगर रु.१११५३।० र बढी भुक्तानी भएको रु.२१०१८।० समेत रु.३२१७१।० बढी भुक्तानी भएको निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

क्र. स	ठेक्का नं.	निर्माण व्यावसायी	विवरण	बिल पेश	भुक्तानी रकम	बढी भुक्तानी
१	BM/NCB/Works/2081/082-03	पुष्प होम कन्ट्रक्सन प्रा. ली धनुषा	ल्याव परीक्षण	१०७३५	३१७५३	२१०१८
२	BM/NCB/Works/2081/082-0२	बबिता निर्माण सेवा	बिमा बिल	बिल पेश नभएको	१११५३	१११५३
जम्मा						३२१७१

असुल गर्नुपर्ने	३२,१७१

५० **फरक दरबाट भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा संलग्न कागजात बमोजिम भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।कार्यालयले विद्यालय स्तरोन्नती तथा निर्माण कार्य वापत उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी दिंदा जिल्ला दर भन्दा बढी दर विश्लेषण गरि भुक्तानी दिएको छ।जिल्ला दररेट भन्दा बढी दरले भुक्तानी भएको रु. ८६२४९०।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

क्र स	भौ नं र मिति	कार्य विवरण	उपभोक्ता समिति	परिमाण	जिल्ला दररेट	भुक्तानी दर	बढी दर	बढी भुक्तानी
१	३६। २०८२।३। १६	Mortar in superstructure	श्री ने रा मा वि भवन निर्माण उ स	१७६। ७८	१३५४७। ९०	१४०९३। ९०	५४६	९६५२२
२	६३८। २०८२।३। २	PCC works (1:3:6)	लुंगेली टोल देखि ढुंगे स्कुल हुँदै फारलाइन सम्म नाला निर्माण उ स	१४। ६७	७४९७.३९	९५९०.७९	२०९३.४	३०७१०
३	६६८। २०८२।३। ६	PCC works (1:3:6)	पथलैया बजारको पूर्व छेउदेखि दक्षिणसम्म सडक ढलान उ स	४५। ४४	७४९७.३९	९५०४। ९३	२००७। ५४	९१२२३
४	६७२। २०८२।३। ८	PCC in foundation	पथलैया दुर्गा मन्दिरबाट पश्चिम शिवालय सम्म बाटो स्तरोन्नती	८२। ३२	७४९७.३९	९५०४। ९३	२००७। ५४	१६५२६०
५	७०७। २०८२।३। १३	PCC in foundation	निर बहादुरको घर देखि उत्तर विजय थापाको खेतसम्म बाटो ग्राभेल कार्य	४५। ६९	७४९७.३९	९५०४। ९३	२००७। ५४	९१७२४
६	७१७। २०८२।३। १५	PCC in foundation	नारायण महतोको घरदेखि संगम विश्वकर्माको घरसम्म बाटो ढलान उ स	११४। ९९	७४९७.३९	९५०४। ९३	२००७। ५४	२३०८४७
७	८२९। २०८२।३। २४	PCC works (1:3:6)	चौलिखा पोखरी देखि उत्तर पक्की नाला निर्माण उ स	१५। ७६	७४९७.३९	९५९०। ७९	२०९३। ४	३२९९२
८	७३६। २०८२।३। १९	PCC (1:3:6) works in foundation rever bed	रामजनम महतोको घरनेर बटो ढलान उ स	८।२७	९७५८।५	१०२१२। ९८	४५४। ४८	३७५९
		PCC in foundation		२३। २८	९५०४	११५३७	२०३३	४७३२८
९	१६४	M15 Work	नमुना बस्ती जाने ढलान बाटो निर्माण उपभोक्ता समिति	१०७.८	९०४१.२६	९५०४.९३	४६३.६७	४९९८३
		Gravel Subbase		३६.२३	५५०	६००	५०	१८१२
१०	११३। २०८२।१। ११	PCC (1:1.5:3) for RCC work	पानी खोल्सीको निशा होटल नजिक कल्भर्ट निर्माण	२०। ५२	११७०३। ४१	१२६९४। १५	९९०। ७४	२०३३०
जम्मा								८६२४९०

असुल गर्नुपर्ने	८,६२,४९०

५१ **प्रशिक्षक भत्ता -**

मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुचि २ को सि.नं ३ मा सिप।क्षमता विकास तालिम संचालन हुँदा प्रशिक्षकको पारिश्रमिक रु. १०००/- उपलब्ध गराउने तर सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पारिश्रमिक पाउने उल्लेख छ।पालिकाको क्षेत्र भित्र विभिन्न तालिम संचालन

हुँदा बाह्य प्रशिक्षकको पारिश्रमिक सि.नं ३ (ग) मा व्यवस्था भए बमोजिम बाहिरी स्रोत ब्यक्तिको हकमा ३० कार्यदिन भन्दा बढी कक्षा लिएमा मुख्य प्रशिक्षकको पारिश्रमिक मासिक रु. २००००/- को दरले ३ महिनाको रु ६००००।० भुक्तानी दिनु पर्नेमा तालिम संचालन गरेबापत निर्देशिकामा भएको व्यवस्था विपरित रु. ९००००।० भुक्तानी भएको छ।प्रशिक्षको पारिश्रमिक बढी भुक्तानी भएको रु. २७८९८३।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्र. स	भौ. नं. र मिति	तालिम विवरण	प्रशिक्षकको नाम	सेसन संख्या	भुक्तानी दर	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी कर पछि
१	७१४।२०८२।३।१५	सिलाई कटाई तालिम ३ महिना	श्री प्रमिला कुमारी खड्का	३ महिना	२००००	६००००	९००००	२५५००
२	७१४।२०८२।३।१५	सिलाई कटाई तालिम ३ महिना	श्री पुनम थापा	३ महिना	२००००	६००००	९००००	२५५००
३	७१४।२०८२।३।१५	सिलाई कटाई तालिम ३ महिना	श्री टिका कुमारी रिमाल	३ महिना	२००००	६००००	९००००	२५५००
४	७१४।२०८२।३।१५	सिलाई कटाई तालिम ३ महिना	श्री पोसन मन्जरी थापा	३ महिना	२००००	६००००	९००००	२५५००
५	७३१।२०८२।३।१६	सिलाई कटाई तालिम १ महिना	श्री टिका कुमारी रिमाल	१ महिना	१०००	३००००	३६०००	५१००
६	८४९।२०८२।३।२४	वडा नं १४ मा ब्युटी पार्लर तालिम	श्री हनुमान प्रशिक्षण तथा तालिम केन्द्र	१।५ महिना	२००००	३००००	९००००	५९१००
७	७८३।२०८२।३।२०	२ महिने सिलाई कटाई तालिम	समृद्धी परामर्श प्रशिक्षण केन्द्र	२ महिना	२००००	४००००	७२०००	३१५२०
८	८०६।२०८२।३।२८	लोक सेवा आयोग तयारी कक्षा	नमोबुद्ध इन्स्टिच्युट बर्दिवास महोत्तरी	३ महिना	२००००	१२००००	२०२५००	८१२६३
जम्मा								२७८९८३

असुल गर्नुपर्ने	२,७८,९८३

५२ **फिर्ता बाँकी -**

श्री पंचधुरा मा वि चेरु महोत्तरिको खेल मैदानमा रहेको विजुलीको पोल र ट्रान्सफरमर अर्को स्थानमा स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरणलाई रु. ५८५५९३।०० धरौटी खातामा जम्मा गरि निकासा दिएकोमा नेपाल विद्युत प्राधिकरणले रु. ५४१९९६।०० मा कार्य सम्पन्न गरेको विवरण पेश गरेको छ।नेपाल विद्युत प्राधिकरणले कार्य सम्पन्न पश्चात बाँकी रहेको रकम रु. ४३५९६।० फिर्ता नगरेकोले उक्त रकम फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४३,५९६

५३ **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ।तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **ठेक्का व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११२ अनुसार रु. २० लाख भन्दा वढीको निर्माण कार्यमा बिमा गराउनु पर्ने, नियम ११५ अनुसार सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने गराउने र निर्माण कार्यको हकमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको बोलपत्र सम्वन्धि कागजातमा निर्माण सामाग्रीको गुणस्तर, निर्माण कार्यको मापदण्ड लगायत समेटेर गुणस्तर आश्वस्तता योजना समावेश गरी बोलपत्र व्यवस्थापन गर्नु पर्दछ।पालिकाले बोलपत्र विधिबाट निम्नानुसार खरिद तथा निर्माण कार्य गरेकोमा लागत अनुमानको भन्दा १९.६९ देखि ३०.३१ प्रतिशतसम्म घटी सम्झौता भई भुक्तानी भएको छ।पालिकाले निर्माण कार्यको अनुगमन र प्रयोगशाला परिक्षण गरि गराई प्रतिबेदन संलग्न गरि राख्नुपर्दछ।

सि.नं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	सम्झौता मिति	सम्पन्न मिति	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	कैफियत
१	चेरु जोरबाटो सनि पेटीदेखि पंचधुरा मा वि सम्म सडक निर्माण	BM/NCB/Works/2081/082-01	बबिता निर्माण सेवासर्लाही	२०८१।९।१८	२०८२।९।३०	१०४४१९५६	८०८५९६९	९०७२५१७	कार्य सम्पन्न भएको
२	विश्वकर्मा चोक देखिफारलाइन सम्मको बाटो कालोपत्रे	BM/NCB/Works/2081/082-02	बबिता निर्माण सेवासर्लाही	२०८१।९।१८	२०८२।९।३०	३४४७८३५।७९	२७१२३४६।६७	२५९६८७०	कार्य सम्पन्न भएको
३	ब्रह्मदेव महतोकोघरदेखि शत्रुधन महतोको घरसम्म बाटो कालोपत्रे	BM/NCB/Works/2081/082-03	पुष्प होम कन्स्ट्रक्शनप्रा ली धनुषा	२०८१।९।१५	२०८२।९।३०	४३७३१४४।११	२९९७१७८।४३	२९१८६०६।५८	कार्य सम्पन्न भएको
४	भैटनरी चोकदेखि बाँकेखोलासम्म कालोपत्र	BM/NCB/Works/2081/082-04	युवानी कन्स्ट्रक्शन	२०८१।९।२२	२०८२।९।३०	४३२३१४४।१०	२९०००९६।९५	नभएको	कार्य सम्पन्न नभएको
५	शुभनारायणको घर देखिटेकेन्द्रको घर सम्म कालोपत्र	BM/NCB/Works/2081/082-05	त्रिवेणी निर्माण सेवाकाठमाण्डौं	२०८१।९।२५	२०८२।९।३०	७७७४०६०।८७	६४४४५७३।५३	३७०३९०७	कार्य सम्पन्न नभएको
६	बर्दिवास हाट बजारनिर्माण	BM/NCB/Works/2081/082-06	उपासना कन्स्ट्रक्शनएण्ड सप्लायर्स प्रा ली	२०८२।१।१०	२०८३।१।३०	१४६९८९७६।१७	१०७१७५२२।२२	९६५६२२५।५०	कार्य सम्पन्न नभएको

५५ **प्राविधिक बिल र कार्य सम्पन्न -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका सँग घर जग्गाको लगत , सवारी साधनको लगत ,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन । यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्न्धित क्षेत्रमा खर्च प्रवाह गरेको, विग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन ।

५७ **समपुरक योजना -**

सशर्त अनुदान अन्तरसरकारी वित्त ब्यबस्थापन ऐन,२०७४ को दफा ९ मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्बयन सम्बन्धमा आबस्यक शर्त तोक्न सक्ने ब्यबस्था छ।उक्त रकम आर्थिक बर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता गर्नुपर्ने ब्यबस्था छ।पालिकाले समपूरक बजेटबाट कार्य गराउँदा संघिय सरकारको ६० प्रतिशत र स्थानीय तहको ४० प्रतिशत लागत साझेदारीमा कार्य गर्नुपर्ने व्यवस्था छ।पालिकाले निर्माण कार्य गर्दा स्थानीय तहको लागत साझेदारी कट्टी नगरि संघीय समपूरक अनुदानबाट सतप्रतिशत भुक्तानी भएकोले रु. ६७४९८९८।० समपुरक कार्यविधि अनुसार संघिय कोषमा दाखिला गर्नुपर्ने रु.

क्र. स	भौ. नं. र मिति	कार्यक्रम	लागत अनुमान	खर्च रकम	साझेदारी रकम	भुक्तानी रकम	बढी भुक्तानी
१	१८।२०८२।१। २४	चेरु जोरबाटो हुँदै पानी टंकी जाने बाटो कालोपत्रे	११७९२२६०। ८७	९०७२५१८। ३७	५४४३५११	९०७२५१८	३६२९००८
२	३२।२०८२।३। ४	बर्दिवास हाटबजार	१७०१३६७६। ३६	७८०२२२५	४६८१३३५	७८०२२२५	३१२०८९०
जम्मा							६७४९८९८
						प्रमाण पेश नगरेको	६७,४९,८९८

५८ **परामर्स तथा डीपीआर खर्च –**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ।पालिकाले यस वर्ष विभिन्न ७ योजनाको डी. पी. आर तयार गर्दा रू. ३५ लाख ५६ हजार ९३७ परामर्श सेवामा खर्च गरेको छ।पालिकाले जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सो को मूल्याकंन गरेर मात्र परामर्श सेवा खरिद गर्नु पर्नेमा कार्यालयको जनशक्तिबाट कार्य गर्न सक्ने वा नसक्ने कार्य विश्लेषण गरेको देखिएन।पालिकाले कार्य विश्लेषण गरी कार्य विवरण तयार गरी जनशक्ति उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।पालिकामा डि. पि. आर सम्बन्धी दक्ष कर्मचारीको पदपुर्ति नरहेको कारणले गर्दा परामर्शदाताबाट गराएको जनाएको छ।उक्त प्रतिवेदन जिन्सिमा दाखिला भएतापनि कार्यान्वियनमा आउन सकेको देखिएन।त्यसैले कार्यान्वियनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र डि. पि. आर तथा परार्मश सेवा लिने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।पालिकाले लागत अनुमानको आधार स्पष्ट नभई बजेटको आधारमा डि. पी. आर तयार गर्ने गरेको र उक्त डि. पी. आर कार्यान्वियनमा गएको पाईएन।

गो.भौ.न.। मिति	कार्यक्रम	परामर्शदाता	भुक्तानी रकम
४७- २०८२/०३/२५	रातु राईमण्डल पुरातात्वकि पर्यटन वकिास क्षेत्र	नोडल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	११५२६००
३९५-२०८१/१२/२९	बर्दिवास अस्पतलको निर्माण विस्तार	एक्सपोजर इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.	६९६०८०
१४-२०८१/१२/२९	टुटेश्रवरनाथ महादेव मन्दिर बर्दिवास ५ टुटेसर	इन्फ्राटेक डिजाइनर्स एण्ड बिल्डर्स प्रा.लि.	४९२५००
९-२०८१/१२/२६	भालुजोर झो पु टुटेस्वार खोला फेदी भान्ग्रे खोला झो.पु. वर्दिवास १० र ११ जोड्ने	S.M. ENGINEERING CONSULTANCTY PVT LTD	३३९३७
९००-२०८२/०३/२५	क्वाटरडाडा पोखरी सौन्दरिकरण	आर्श्री इन्जिनियरिङ्ग प्रा.लि	३०५१००
३५१-२०८१/१२/१७ र ६४४-२०८२/०३/०३		शताब्दी रिसर्च सेन्टर प्रा.लि.	४७९१२०
३६१-२०८१/१२/२०		सरुन मिडिया प्रा लि	३९७६००
जम्मा			३५५६९३७

५९ **खरिद व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकावाट सम्पादन हुने सम्पुर्ण कार्यको खरिदको गुरुयोजना तयार गरी लागु गरेको देखिएन।पालिकावाट प्राप्त विवरण अनुसार पूँजीगत खर्च रु. ३८८०६९०४२.१० मध्ये १७.०७ प्रतिशत खुला वोलपत्र, ७९.९२५ प्रतिशत लाभग्राही उपभोक्ता समिति र ३.०० प्रतिशत सिलबन्दी दरभाउपत्र विधिवाट खर्च गरेको देखियो।ऐन नियमावली अनुसार खरिदको गुरुयोजना तयार गरी वार्षिक रुपमा सम्पादन गरिने कार्यक्रमलाई वार्षिक खरिद योजनामा समावेश गरी प्रतिस्पर्धात्मक रुपमा खरिद व्यवस्थापन गर्नुपर्दछ।

क्र.सं.	खरिद विधि	संख्या	खर्च रकम रु.	खर्च प्रतिशत
१	खुला बोलपत्र	११	४९७२०३२०.००	१७.०७
२	सिलबन्दी दरभाउपत्र	१४	८७५४०५७.००	३.००
३	उपभोत्ता समिति वा लाभग्राही समुदाय	३१७	२३२६५२१२२.००	७९.९२
जम्मा			**२९११२६४९९.००**	

६० **त्रुटि सच्याउने अवधिको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

६१ **अवलोकन भ्रमण खर्च -**

स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पदाधिकारी तथा कर्मचारीहरुको अवलोकन भ्रमण वापत रु.२४९४८६५।० भुक्तानी भएको देखियो।भुक्तानी भएको रकम मध्ये अधिकाँश रकम खाजा, खाना तथा गाडि भाडामा खर्च भएको देखिन्छ।अवलोकन भ्रमण पश्चात पालिकामा कृषि तथा अन्य कुन कुन क्षेत्रमा के परीवर्तन, सुधार तथा कृषि उत्पादनमा वृद्धि भए नभएको सम्बन्धमा एकिन नभएको तथा सोको प्रतिवेदन पेश भएको पाइएन। अध्ययन अबलोकनमा गएको सहभागीहरुलाई के कसरी छनौट गरेको सोको आधार समेत पेश भएको देखिएन।पालिकाले खर्चको उपादेयता पुष्टि हुने गरी खर्चको प्रतिवेदन पेश पश्चात मात्र भुक्तानी दिनुपर्दछ।

क्र.स	वडा न	भौ.न.	मिति	अवलोकनको उदेश्य	अवलोकन स्थान	अवलोकन मिति	सहभागी संख्या	खर्च रकम
१	१	५४२	२०८२।२।११	अध्ययन/ अवलोकन	गण्डकी, कर्णाली तथा सुदुरपश्चिम प्रदेशका विभिन्न जिल्ला	२०८२।०१।१७ देखि २०८२।०१।२३	१५	३०००००
२	२	२२८	२०८१।११।५	अध्ययन/ अवलोकन	मुगु, काश्की , जुम्ला सल्यान , का विभिन्न स्थानहरु	२०८१।०७।१५ देखि २०८१।०७।२१	१४	४०००००
३	३	५८७	२०८२।०२।२०	अध्ययन/ अवलोकन	पाथीभरा ताप्लेजुङ्, इलाम , धरान , धनकुटा	२०८२।०१।२६ देखि २०८२।०१।३०	४०	६५०१३०
४	४	३५८	२०८१।१२।१९	अध्ययन/ अवलोकन	सिन्धुली, ओखलढुङ्ग , सोलुखुम्वु , खोटाङ्ग , भोजपुर , संखुवासभा , धनकुटा , सुनसरी र उदयपुर जिल्लाको विभिन्न स्थानहरु	२०८१।११।१४ देखि २०८१।११।१७	१३	२०००००
५	५	३१२	२०८१।१२।०६	अध्ययन/ अवलोकन	इला र झापाको विभिन्न स्थानहरु	२०८१।०७।२० देखि २०८१।०७।२४	१०	१४९७५०
६	६	६५०	२०८२।०६।०४	अध्ययन/ अवलोकन	पुर्वी नेपालको विभिन्न जिल्ला	२०८२।०२।१४ देखि २०८२।०२।१७	१३	१७३२९५
७	७	४९७	२०८२।०२।०५	अध्ययन/ अवलोकन	मुस्ताङ्ग, गोर्खा र कास्की जिल्लाको विभिन्न स्थानहरु	२०८२।०१।१७ गते देखि २०८२।०१।२०	२९	२५००००
८	८	८४४	२०८२।०३।२४	अध्ययन/ अवलोकन	सर्लाही र रौतहत जिल्लाका विभिन्न स्थानहरु	२०८१।०३।२१ गते १ दिन	३०	५००००
९	१३	७९२	२०८२।०३।२२	अध्ययन/ अवलोकन	सप्तरी, सुनसरी , इलाम झापा धनकुटा उदयपुर का जिल्लाका विभिन्न स्थानहरु	२०८२।११।१४ देखि २०८२।११।१८	१०	२२००००
१०	१४	५३१	२०८२।०२।०७	अध्ययन/ अवलोकन	पाथीभरा ताप्लेजुङ् , इलाम , धरान , धनकुटा	२०८२।०१।१७ गते देखि २०८२।०१।२१	११	१०१६९०
जम्मा								२४९४८६५

६२ **कार्यक्षेत्र बाहिरको कार्य -**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार संघीय कार्यालयमा विविध खर्च गर्न मिल्ने व्यवस्था रहेको देखिंदैन।पालिकाले देहाय अनुसार संघीय कार्यालय मातहत रहेका इकाइमा मेशिनरी औजार खरिद र जिन्सी सामाग्री खरिद तथा हस्तान्तरण लगायतमा रु.९,८१,०४१।- खर्च गरेको पाइयो।संघीय कार्यालयमा संघबाट बजेट तोकिएर आउने व्यवस्था भएकोमा यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।पालिकाले आफ्नो कार्यक्षेत्र बाहिर गएर निर्माण व्यवसायी र व्यवस्थापन समितिबाट खरिद कार्य गरेको देखिएको छ।आफ्नो कार्यक्षेत्र बाहिर गएर ऐन विपरित संघीय कार्यालयमा निम्नबमोजिम कार्य भएको अनियमित देखिएको रु.

गो भौ नं र मिति	संघीय कार्यालयको नाम	गरेको कार्य	भुक्तानी रकम
६१७।२०८२।२।२९	मालपोत कार्यालय बर्दिवास	हिरो सुपर स्पेलेन्डर मोटरसाईकल खरिद	२४७९००
४।२०८१।०६।२०	नेपाली सेना, सैनिक शिविर , महोत्तर	फर्निचर खरिद	९१४०३
१२५।२०८१।०९।२५	लागु औषध नियन्त्रण कार्यालय	फर्निचर हस्तान्तरण	४२४९९
१८९।२०८१।१०।२२	मध्यपूवी पृतना हेड क्वाटर	मेशिनरी औजार खरिद	५९९२३९
जम्मा			**९८१०४१**

अनियमित भएको	९,८१,०४१

६३ **नगरपालिका प्रशासनिक भवन निर्माण -**

नगरपालिकाले ठेक्का नं BM/NCB/२०७७/७८/Works-24 अन्तर्गत नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री ए. एम/पाईनस/ओम निलकण्ठेश्वर जे भी तिनकुने काठमाण्डौंसँग मिति २०८०।०५।२६ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।०५।२७ गते रू. ९३७२४१८७।०८ मा सम्झौता भएकोमा दशौं रनिङ्ग बिलसम्म रु. ६०७५३४७२।२२ भुक्तानी भएकोमा उक्त ठेक्काको सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी श्री ए एम/पाईनस/ओम निलकण्ठेश्वर जे भीसँग मिति २०८०।०५।२६ सम्म सम्पन्न गर्ने गरी मिति २०७८।०५।२७ गते रू. ९३७२४१८७।०८ मा सम्झौता भएकोमा दशौं रनिङ्ग बिलसम्म रु. ६०७५३४७२।२२ अर्थात सम्झौता रकमको ६४.८२ प्रतिशत मात्र वित्तीय खर्च भएकोमा तोकेको समयमा कार्य सम्पन्न नगरेकोले कार्यपालिकाको निर्णयबाट २०८२ आषाढ मसान्त सम्मको लागि म्याद थप भएपनि लेखापरीक्षणको अवधि मिति २०८२ मंशिर मसान्तसम्म निर्माण कार्य अधुरै रहेको देखियो । सम्झौताको अवधि समाप्त भए पश्चात र म्याद थप समेत भइसकेको अवस्थामा पनि निर्माण कार्य सम्पन्न नगरेकोले सम्झौताको शर्त बमोजिम एवं सार्वजनिक खरिद ऐन तथा नियम वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने व्यवस्था रहेकोले पूर्वनिर्धारित क्षतिपुर्ति लिनुपर्दछ साथै सम्झौता तथा खरिद ऐन नियमावली अनुसार आवश्यक कारबाही गरि समयमै निर्माण कार्य सम्पन्न गर्नु गराउनुपर्दछ।

६४ **अनुउत्पादक तथा वितरणमुखी खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र अधिकतम उत्पादकत्व, प्रतिफलमुखि, रोजगारी सिर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्ने क्षेत्रहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्नेमा पालिकाले वितरणमुखि पोशाक वितरण ,खेलकुद कार्यक्रम तथा विभिन्न सांस्कृतिक कार्यक्रममा वजेट विनियोजन गरेको छ ।पालिकाले खरिद बील तथा बिजक संलग्नका आधारमा खरिद गरिएका सामाग्रीको भुक्तानी गरी विभिन्न व्यक्ति तथा समूहलाई वितरण गरेको उल्लेख गरेको भए तापनि उक्त सामाग्री वितरण गर्दा लाभग्राहीको परिचयपत्र नम्बर तथा सम्पर्क नम्बर खुल्ने कागजात लगायत विवरण सहितको वितरणको भरपाई संलग्न गरेको देखिएन । अतः पालिकाले यस प्रकृतिका वितरणमुखी र अनुउत्पादक कार्यमा बजेट विनियोजन गरी खर्च गर्ने परिपाटीलाई नियन्त्रण गरी बजेटलाई नतिजामुखी,उत्पादनमुखी तथा रोजगारमूलक क्षेत्रमा विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।यस किसिमका कार्यक्रमका केहि उदाहरण तपशिल बमोजिम रहेका छन् ।

कार्यक्रमको नाम	खर्च रकम
वडा नं ९ मा ६५० थान साडी वितरण	३९९९९४
वडा नं १३ मा जेष्ठ नागरि सम्मान कार्यक्रम ३३० थान टेवल पंखा वितरण	४००८६७
बालबालिकाहरुलाई ५२ थान व्याग ५२ थान जुत्ता १० थान साईकल ५२ थान ड्रेस कपडा वितरण	२०००००

६५ **लागत अनुमान तयार नगरी खरिद** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं ३४।२०८१।०८।०९ मा हुमागाइ जेनलर सप्लायर्सबाट रु. ९४९५७३।० बराबरको सामाग्री खरिद गरेको छ।पालिकाले ३ वटा फर्म सँग लागत अनुमान तयार नगरी दररेट माग गरी खरिद गरेको छ।पालिकाले खरिद गर्दा नियमावली बमोजिम लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ।

६६ **प्रमाण पेश गर्नुपर्ने** -

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले वडा नं. ११ का लागि विविध खर्च मार्फत हुमागाइ जेनलर सप्लायर्ससँग गो भौ नं १४५।२०८१।१०।०६ बाट फर्निचर खरिद गरेको फर्निचरको पाम्स दाखिला र वडालाई हस्तान्तरण गरिएको छैन।पालिकाले सो सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९९,४४०

६७ **सडक बत्ती जडान तथा मर्मत कार्य** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसमान खरिद गर्नु अघि स्पेशिफिकेशन, विशेष आवश्यकता तथा अन्य विवरण तयार गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी नियम ११ मा लागत अनुमान तयार गर्दा स्थानीय बजारका प्रचलित दरभाउ अघिल्ला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत, उद्योग वाणिज्य संघले निर्धारण गरेको दररेट, जिल्ला दररेट लगायतका कुरालाई आधार लिने भनिएको छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न वडामा सडक बत्ती जडान तथा मर्मत कार्यको लागि देहायका सप्लायर्सहरुबाट खरिद गरी रु.२५०३०२८।- भुक्तानी दिएको छ।पालिकाले उक्त कार्यको लागि लागत अनुमान तयार गरेको छ तर लागत अनुमान तयार गर्दा स्थानीय बजारको प्रचलित दरभाउलाई आधार लिएको छैन। लागत अनुमानका आधारमा उपभोक्ता समिति र कोटेशसन प्रक्रियाबाट खरिद गरी भुक्तानी दिएको छ।स्रेस्ता परीक्षण गर्दा सामानको गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकाले उक्त कार्य गुणस्तरयुक्त रहेको आश्वस्त हुन सकिएन।पालिकाले सम्बन्धित प्राविधिकबाट Quality and Specification को परीक्षण गराई जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं.।मिति	सप्लार्यस वा उपभोक्ता समितिको नाम	जडान स्थान	भुक्तानी रकम	कार्य विवरण	कैफियत
५।२०८१।०६।२०	श्रेष्ठ सप्लायर्स	वडा नं १ का विभिन्न स्थानहरु	९५००४	LED Flood Light 100 watt जडान	गुणस्तर परीक्षण र वारेन्टि लेटर नभएको
८१।२०८१।०९।०३	श्रेष्ठ सप्लायर्स	वडा नं ४	११५८३४	सडक पोल बत्ती जडान	
२४।२०८१।११।०२	के. पि . सन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	पालिका	२४९७३०	लाइट जडान	
४५४।२०८२।०१।१७	देव निर्माण सेवा	पालिका	२४४८७१	सडक पोल बत्ती मर्मत तथा जडान	
८७२।२०८२।३।२४	हट कुल बर्दिबास	बर्दिवास न पा वडा नं १२	८०२६४६	१३२ थान 50W AC led street light and hot cooler (2 year warranty)	
५९३।२०८२।२।२१	सुरज ट्रेडिङ्ग	वडा नं १४ को मुल सडक तथा बजार एरिया भित्र	९९४९४३.	टावर लाइट तथा सडक बत्ती जडान	
जम्मा			२५०३०२८		

प्रमाण पेश नगरेको	२५,०३,०२८

६८ **बढी भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा संलग्न कागजात बमोजिम भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा नं ४ मा वडा कार्यालयको कम्पाउण्डवाल निर्माण गर्दा नापि किताबमा सम्बन्धित फर्मको दररेट अनुसार मुल्याकंन गर्नुपर्नेमा Cost Estimate अनुसारको दरमा मूल्यांकन गरी भुक्तानी दिएको छ । पालिकाले रु.९४५६१८ भुक्तानी गर्नुपर्नेमा रु. ९५५९१९ भुक्तानी गरेकाले सम्बन्धित उपसाना कन्स्ट्रक्सनबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,३०१

६९ **जटिल संरचना निर्माण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केहि उदाहरण देहाय अनुसार रहेका छन्।

क्र. स	भौ नं र मिति	उपभोक्ता समितिको नाम	गरेको काम	गरेको खर्च
१	२।२०८२।३।१५	बनपा ६ रातु खोला वारिपारी रोटरी बोरिङ्ग निर्माण उ स	बोरिङ्ग निर्माण कार्य	३५,००,०००
२	३।२०८२।३।२५	बनपा ७ ८ ९ १२ र १२ मा डिप बोरिङ्ग निर्माण उ स	बोरिङ्ग निर्माण कार्य	६०,००,०००
३	८६६।२०८२।३।२४	बर्दिवास न पा १३ विजलपुरा भित्र खानेपानी तथा सिंचाईको लागि डिप बोरिङ जडान उ स	बोरिङ्ग निर्माण कार्य	४६८२९०२
४	८७।२०८२।३१२	सेम नेपाल इसम आधारभुत विद्यालय खोरटोल भवन निर्माण उ स	२ कोठे भवन निर्माण र अधुँरो भवन निर्माण ४ कोठे र २ कोठे	१९,९८,१४८
५	७६।२०८२।३।३	श्री राष्ट्रिय आ.वि. वरडाँडा २ कोठे भवन निर्माण समिति	२ कोठे भवन निर्माण र अधुँरो भवन निर्माण ४ कोठे र २ कोठे	१७,०९,०६०

७० **डिप बोरिङ खरिद तथा जडान -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले एकै प्रकृतीको कार्यको लागि बोलपत्र माग नगरी टुक्रा पारि पटक पटक खरिद गरेको छ।यस्तो तरिकाबाट खरिद गर्दा पालिकालाई बढी आर्थिक भार पर्न जाने भएकोले सबै वडा कार्यालय र पालिकाको आवश्यकता पहिचान गरेर ठेक्का मार्फत कृषिको लागि डिप बोरिङ खरिद गर्नुपर्दछ।ठेक्का मार्फत खरिद गर्दा सामान आपूर्ति कम्पनी लागत अनुमान भन्दा धेरै BELOW (घटी मूल्य) मा गई ठेक्का कबोल गर्ने भएकोले सिधै खरिद गर्दा पालिकालाई थप आर्थिक भार परेको छ।यस्तो खरिद कार्यमा पालिकाले नियन्त्रण गरि नियम कानुन बमोजिम ठेक्का मार्फत खरिद कार्य गर्नुपर्दछ।एकै प्रकृतिको कार्यलाई टुक्रा पारेर पटक पटक खरिद गर्दा खरिद मितव्ययी र पारदर्शि नहुनुको साथै नियम सम्मत नदेखिएको रु.

क्र. स	भौ. नं. र मिति	सामाग्री विवरण	फर्म।पार्टी	खर्च रकम
१	२।२०८२।३।२५	सिंचाईको लागि डिप बोरिङ जडान	बनपा ६ रातु खोला वारिपारी रोटरी बोरिङ्ग निर्माण उ स	३५०००००
२	३।२०८२।३।२५		बनपा ७ ८ ९ १२ र १२ मा डिप बोरिङ्ग निर्माण उ स	६००००००
३	३१७।२०८१।१२।७		पालिकाको विभिन्न स्थानमा जडान।विभिन्न फर्म	३९००१३०.
४	२२०।२०८१।११।२		ज्वाला डिलिङ्ग कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६२४५८४.
५	४००।२०८२।१।९		डिप ट्युवेल ड्रिल बोरिङ्ग निर्माण उ.स.	२७४९८७३.
जम्मा				१६७७४५८७.

पालिकाले खरिद गरेको मोटर तथा स्यालो ट्युबवेल लाभग्राहीहरुलाई वितरण गरेको रेकर्ड अद्यावधिक गरि राखेको देखिएन। कृषकहरुलाई वितरण गरेको अभिलेख अद्यावधिक नहुँदा एकै कृषकलाई दोहोरो वितरण हुन सक्दछ।प्रत्येक वर्ष यस्तो कार्यक्रम संचालन हुँदै आएकोले कृषकहरुको विवरण अद्यावधिक गरेर मात्र मोटर तथा स्यालो ट्युबवेल वितरण गर्नुपर्दछ।

अनियमित भएको	१,६७,७४,५८७

७१ **उपभोक्ता समितिबाट भएका कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ ।स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश

गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

घ) कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

ङ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

च) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

छ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ज) कार्यालयले पेश गरेको लागत अनुमान एवं प्राविधिक मूल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकोले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्बन्धमा एकिन हुने आधार रहेन,

झ) अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ ।

७२ **उपभोक्ता समिति दर्ता -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ।पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ।

७३ **कोटेशन मार्फत निर्माण कार्य -**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम तथा नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नुपर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने, प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मूल्यमा खरिद गर्नुपर्ने तथा एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था समेत छ।कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा बोलपत्र वा शिलवन्दी दरभाउपत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्धारा गरेको देखिन्छ ।यसरी योजनाको प्रमाण सहितको अभिलेख राखेको देखिएन।साथै उक्त कार्यको ल्याब परीक्षण समेत गरेको देखिएन।यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयार गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा न्यून प्रतिस्पर्धा भएको छ भने बोलपत्रको माग गरी कार्य गराउँदा करिब ३१ प्रतिशतसम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ।

पालिकाले खरिद तथा निर्माण कार्य गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पुरा गरेर मात्र खर्च गर्ने व्यव्स्था हुनुपर्दछ।यसका केही उदाहरण निम्न प्रकारका छन :

क्र सं	योजना/कार्यक्रमहरुको नाम	संस्था/फर्मको नाम	लागत अनुमान	खर्च मुल्यांकन अनुसार
१	८७६।२०८२।३।२४	आचार्य निर्माण सेवा	१००००००	९५५०७२
२	५९३।२०८२।२।११	सुरज ट्रेडिङ महोत्तरी	१००००००	९९४९४३

७४ **उपभोक्ता समितिवाट भवन निर्माण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै स्वामित्वमा रहने देहायबमोजिम भवन निर्माण समेत उपभोक्ता समितिमार्फत् गराइ रु. ६५९५८११।० खर्च गरेको छ।उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराएको पाइयो।नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समितिमार्फत् आर सिसि स्ट्रक्चर सहितका भवनहरु उपभोक्ता समिति मार्फत निर्माण गरी भुक्तानी गरेको मनासिव देखिएन।उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा निर्माण कार्यको विमा नगर्ने, जटिल प्राविधिक ज्ञान नहुने, निर्माण कार्यको गुणस्तर परीक्षण नहुने तथा निर्माण कार्यको त्रुटी सम्वन्धित जिम्मेवारी समेत नरहने भएकाले यस प्रकारका जटिल प्राविधिक कार्यहरु तथा उपभोक्ता समितिलाई हस्तान्तरण नहुने कार्यालयकै स्वामित्वमा रहने संरचना प्रतिस्पर्धात्मक ठेक्का प्रकृयावाट गर्ने गराउने गर्नुपर्दछ।

क्र सं	**गो भौ नं मिति**	निर्माण कार्य	उपभोक्ता समिति	भुक्तानी रकम
१	२०८१।०७।०७	वडा न ७ को कार्यालय भवन	वडा कार्यालय भवन निर्माण उ स	१६४७९६०
२	२०८२।०३।२५	वडा न १ को कार्यालयको भवन	वडा न १ को भवन वडा कार्यालयको भवन नि उ स	४९४७८५१
जम्मा				**६५९५८११**

७५ **गैर सरकारी संस्था मार्फत खरिद -**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलिकरण, मूलप्रवाहीकरण, जस्ता कार्य छिटोछरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैरसरकारी संस्थाबाट गराउने सक्ने व्यवस्था छ।साथै सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने मापदण्ड २०७८ को बुँदा नं १४ मा कार्यालयले विद्यमान जनशक्तिबाट सम्पादन हुने काम बाह्यबाट गराउन नपाउने व्यवस्था रहेकोमा पालिकाले आफ्नै जनशक्तिबाट हुने कार्य समेत गैर सरकारी संस्थाबाट संचालन गरी यस वर्ष पूँजीगतबाट विभिन्न कार्यक्रम संचालन गरेको छ ।यसरी संचालन भएका कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा मूल्यांकन गरी सोको प्रभावकारीता, कार्यक्रमको उद्धेश्य प्राप्त भए/ नभएको सम्बन्धमा प्रतिवेदन समेत पेश गरेको देखिएन।पालिकाले संचालित कार्यक्रमहरुको प्रभावकारीता तथा उपलब्धि सम्बन्धमा समीक्षा नगरी वर्षेनी एकै प्रकृतिका कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्दा यस्तो खर्चको उपादेयता नहुने हुँदा कार्यक्रम संचालन हुनु भन्दा अगाडिको समाजको आर्थिक, सामाजिक लगायतका विविध पक्षको अवस्था र कार्यक्रम संचालन भईसकेपछि त्यसले समाजमा पारेको प्रभावका सम्बन्धमा समीक्षा , अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमहरुलाई निरन्तरता दिने वा पुनरावलोकन गरी कार्यक्रमहरु परिमार्जन गर्ने भन्ने पक्षको टुङ्गो लगाउनु पर्दछ ।साथै पालिकाले यस वर्ष उहि प्रकृतिका कार्यक्रमहरु नगरतर्फ र वडा तर्फबाट समेत बजेट विनियोजन गरी कार्यान्वियन गरेको देखिएकोले कार्यक्रमहरुको दोहोरोपना नभएको सुनिश्चित गरी कार्यक्रम संचालन गर्नुपर्दछ । संचालन भएका कार्यक्रमहरुका केहि उदाहरण निम्नानुसार रहेका

छन्।

गो. भौ . नं र मिति	भुक्तानी पाउने	रकम	कार्यक्रम
३३८।२०८१।१२।१२	अस्गरुवा इन्टरटेनमेन्ट प्रालि	४८३०७५	न्यायिक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापन

७६ **फोहोरमैला व्यवस्थापन -**

पालिकाले फोहोर मैला व्यवस्थापनको लागि हिटा हेभि मेसिनरी एण्ड रिसाइकल प्रालिलाई नगरपालिका पूँजिगत तर्फबाट ट्रस घर निर्माण गर्न गो भौ नं ४२५।२०८२।०१।१२ बाट रु ९८७६४८ भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

क) नगरपालिकाले पालिका भित्रको फोहोरमैला व्यवस्थापनको लागि २०७८।०१।१० मा हिटा हेभि मेसिनरी एण्ड रिसाइकल प्रालिसँग सुरुको ६ महिनासम्म मासिक रु ८५००० का दरले भुक्तानी गर्ने, ६ महिनाभित्र वडा नं ८ स्थित कृषि कार्यक्रमको ३ बिगाहा जग्गामा फोहोर मैला स्रोत परिचालन स्थल निर्माण गरी उपलब्ध गराउने र सो पश्चात मासिक रुपमा उपलब्ध गराउँदै आएको फोहोर मैला संकलन वापतको रकम उपलब्ध नगराउने गरी सम्झौता गरेको देखिन्छ । पालिकाले यस आर्थिक वर्षसम्म जम्मा रु. २३०७६४८ रकम फोहोरमैला व्यवस्थापनका लागि खर्च लेखिसकेको छ।सम्झौता अनुसार पालिकाले फोहोरमैला प्रशोधन केन्द्रका लागि ट्रस घर निर्माण गरेको छ । सो सम्बन्धित प्रालिलाई हस्तान्तरण गरेको छैन र फोहोरमैला संकलकले रकम संकलन गरिराखेको छ।यस अवस्थामा सम्झौता बमोजिम कार्य भएको देखिएन ।

ख)सम्झौता बमोजिम पालिकाले फोहोरमैला व्यवस्थापन सेवा शुल्क जम्मा गर्न छुट्टै खाता खोल्नुपर्ने र प्रालिले संकलन गरी जम्मा गरेको रकमबाट नगरपालिकाले नगर सरसफाइ तथा हरियाली परिवर्तनका लागि १२ प्रतिशत कट्टा गरी भुक्तान गर्नुपर्दछ । तर यस सम्बन्धमा कुनै अभिलेख नरहेको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको र छानविन गरी एकिन गर्नुपर्ने कुरा औल्याइएकोमा सो गरेको पाइएन । यस सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्दछ ।

७७ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका भुक्तानी पूँजीगत शीर्षकबाट रु.१,०३,५०,४९८/- भुक्तानी दिएको पाईयो ।

गो.भौ.नं.।मिति	विवरण	रकम
४२-२०८१/१०/२८	नगर शिक्षक तलब	२२,२३,३३३।
४५-२०८१/११/२८	नगर शिक्षक तलब	२४,९९,१६६।
४६-२०८१/१२/१०	बालविकास सहयोगी कार्यकर्ताहरुको थप तलब	१३,६०,०००।
६६-२०८२/०१/३१	नगर शिक्षक तलब	१९,७७,९९९।
८०-२०८२/०३/०८	प्रधानाध्यापकको थप भत्ता	१३,२०,०००।
९१-२०८२/०३/१७	गरिब जेहेन्दार विद्यार्थीहरुको लागी मेयर छात्रवृत्ती कार्यक्रम	९,७०,०००।
	जम्मा	१०३५०४९८

७८ **क्याम्पसलाई अनुदान -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को ज(२०) मा गाउँपालिका तथा नगरपालकाले माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने उल्लेख छ । शिक्षा नीति, २०७६ को बुँदा नं १०.९ ले माध्यमिक शिक्षाको रुपमा १२ कक्षासम्मको

पठनपाठनलाई माध्यमिक शिक्षाको परिभाषामा राखेको देखिन्छ । शिक्षा तथा मानव विकास केन्द्रले स्थानीय र प्रदेश तहमा शसर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय ईकाइबाट कार्यान्वय हुने कार्यक्रमसँग सम्बन्धित आर्थिक वर्ष २०८१।०८२ को लागि प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकाले स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक तहसम्म तलब तथा विद्यालयका अन्य गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था छ । बर्दिबास जनता बहुमुखी क्याम्पसलाई पालिकाले नगरपालिका पुजिगत शीर्षकबाट रु.७,७९,६३२/- अनुदान उपलध गराएको छ । माध्यमिक तहसम्म मात्र स्थानीय तहको अधिकारीक्षेत्र रेहेकोले सो भन्दा माथिल्लोतहलाई भुक्तानी भएको उक्त निकासा नियमसम्मन नदेखिएको रु.

अनियमित भएको	७,७९,६३२

७९ **नगर शिक्षक** -

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विद्यालयमा स्वयमसेवक शिक्षक राखि राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी गर्दै आएको छ । तर त्यसरी राखेका शिक्षकको लागि पालिकाको शिक्षा समितिले निर्णय गरे/नगरेको सम्बन्धमा कागाजात पेश हुन आएन ।पालिकाले शिक्षक दरबन्दी मिलान बेगर आन्तरिक स्रोतबाट शिक्षक व्यवस्था गरी ३५ विद्यालयलाई रु.२,६८,००,४९८/- तलब खर्च लेखेको छ । जुन आन्तरिक आम्दानी रु.४,४९,८०,५९२.१६ को ५९.५८ प्रतिशत रहेको छ । पालिकाले शिक्षक विद्यार्थी अनुपात, विद्यालयहरुको दुरी आदिको आधारमा शिक्षक दरबन्दी मिलान गरी आन्तरीक आम्दानीलाई समेत विचार गरी व्यवस्थापन गर्नुपर्दछ ।

८० **प्राविधिक धार सञ्चालन अनुदान** -

कार्यक्रम कार्यान्वियन कार्यविधि (आ.व. २०८०।८१) को क्रियाकलाप नं.२.७.१३.५० स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मावन स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसुची ७ मा उल्लेखित विद्यालय तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मको विद्यार्थीहरुको विवरण EMIS मा अद्यावधिक गर्न लगाउने र EMIS मा अद्यावधिक संख्याको एकिन गरी शिक्षण सिकाई सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन तथा व्यवहारीक अभ्यासका लागि प्रतिविद्यार्थी पन्ध्र हजारका दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने तथा उल्लेखित प्राथमिकताका आधारमा खर्च गर्ने व्यवस्था रहेको छ । श्री जनता माध्यमिक विद्यालय गौरीडाँडालाई रु.१९,२०,०००/- निकासा गरेकोमा देखिएका बेहोराहरु निम्न बमोजिम रहेका छनः

८०.१ अनुगमन - व्यावहारिक अभ्यास कार्यान्वियन निर्देशिका, २०७३ को दफा १३ बमोजिम स्थानीय तहले व्यवहारिक अभ्यास सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि अनुदान, नियमित अनुगमन तथा निरिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित विद्यालयको व्यवहारिक अभ्यासको अनुगमन तथा निरिक्षण गरेको देखिएन ।

८०.२ विद्यार्थी निर्वाह खर्च - व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था रहेको छ । विद्यालयले कक्षा १० का ४७ रु.१,४१,०००/-, कक्षा ११ का २९ विद्यार्थीलाई रु.८७,०००/- र कक्षा १२ का विद्यार्थीलाई रु.२,१०,०००/- गरी जम्मा रु.४,३८,०००/- रकम भरपाई मार्फत वितरण गरेको छ । बैक मार्फत वितरण नगरी नगद वितरण गरेकोले कार्यविधिको व्यवस्था कार्यानवयन भएको पाइएन । बैंक मार्फत भुक्तानी हुने व्यवस्था गरी कार्यविधिको पालना गर्नुपर्दछ ।

८१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मूल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले

विद्यालय सम्बन्धि मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८२ **विद्यालयगत/ विषयगत दरबन्दी** -

कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१/८२ को खण्ड २ बमोजिम स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा प्रकाशित विवरणअनुसार यकिन भएको दरबन्दी लाई "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६"अनुसार मिलान/व्यवस्थापन अद्यावधिक गर्ने कार्य आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र सम्पन्न गर्ने । यसरी कायम भएका विद्यालयगत/विषयगत दरबन्दी, शिक्षक अनुदान कोटा (राहतसमेत), प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक, विशेष शिक्षा सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण प्रमाणित गरी राख्ने व्यवस्था छ । पालिकाले विद्यालयगत/विषयगत दरबन्दी, शिक्षक अनुदान कोटा (राहतसमेत), प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक, विशेष शिक्षा सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण प्रमाणित गरी राखेको छैन । पालिकाले सबै प्रकारका शिक्षक तथा कर्मचारीलाई शर्सत अनुदानबाट रु.२१,४१,३७,८०३/- निकासा गरेकोमा विवरण प्रमाणित गरी नराख्दा विद्यालयलाई निकासा भएको रकम एकिन गर्न सकिएन । कार्यविधिमा उल्लेख भएबमोजिम पालिकाले विवरण प्रमाणित गरी राख्नुपर्दछ ।

८३ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली** -

कार्यक्रम कार्यान्वियन कार्यविधि (आ.व. २०८१।८२) बमोजिम स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानीय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई EMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउने । स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८१ को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिने व्यवस्था रहेको छ । पालिकाले यस सामुदायिक विद्यालयले शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा विद्यालयले अद्यावधिक गरेको तथ्याङ्कको सत्यापन नगर्नुको साथै संस्थागत विद्यालयको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा भरेको देखिएन । जसबाट पालिकाले विद्यालयलाई प्रदान गर्ने दिवा खाजा, पाठ्यपुस्तक, छात्रावृत्ति लगाएतको अनुदान वास्तविकता अनुसार प्रदान गर्ने अवस्था देखिदैन । कार्यविधि बमोजिम पालिकाले सत्यापान गराएर मात्र अनुदान निकासा दिनुपर्दछ ।

८४ **निशुल्क पाठ्यपुस्तक** -

कार्यक्रम कार्यान्वियन कार्यविधि (आ.व. २०८१।८२) को क्रियाकलाप नं.२.७.१३.१० बमोजिम विद्यालयलाई पाठ्यापुस्तक व्यवस्थाका लागि कक्षा १ देखि १० का विद्याथर्का लागि तेस्रो त्रैमासिकभित्र IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नुपग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS को आधारमा दुई पटक रु.९९,५२,०१४/- निकासा गरेको छ । नमुना परीक्षणको क्रममा निम्न विद्यालयको बढी निकासा गरेको देखिएकोले अन्यको समेत पालिकाले एकिन गर्नुपर्दछ । बढी निकासा भएको रु.३,९६,७८६/- संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

विद्यालय	निकासा रकम	भरपाई पेश गरेको	बढी निकासा रकम	कैफीयत
श्री राष्ट्रिय आधारभुत विद्यालय १४ बर्दिबास	२५००५४	१९४६२३	५५५५८	
श्री सरस्वती राष्ट्रिय माध्यमिक विद्यालय कालापानी	२३५२१४	१९४८२६	४०३८८	
श्री जनहित नन्दहित माध्यमिक विद्यालय चौलिखा	३६८२४२	२८९१८०	७९०६२	
श्री लक्ष्मी नारायण जनता माध्यमिक विद्यालय खयरमारा	१९१३०४	१६७९८४	२३३२०	
श्री माध्यमिक विद्यालय हातिलेट	३१८२४०	२३९२४०	७९०३३	
श्री जनता माध्यमिक विद्यालय बिजलपुरा	५५१५६०	४४९६९३	१०२८६७	
श्री टुटेश्वर माध्यमिक विद्यालय डिपु	२९३४२२	२८४६६५	८७५७	
श्री जनता आधारभुत विद्यालय टुटेश्वर	७८०१	०	७८०१	११ र १२ को लागि निकासा
	जम्मा		३९६७८६	

असुल गर्नुपर्ने	३,९६,७८६

८५ **छात्रवृत्ति** -

पालिकाले विद्यालयलाई छात्रवृत्ति निकासा सम्बन्धमा देखिएका बेहोराहरु निम्न बमोजिम छन

८५.१ छात्रवृत्ति - कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८१।८२) को क्रियाकलाप नं. ७.२.१.१ बमोजिम सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति (गैरआवासीय) छात्रा र दलित छात्रवृत्ति प्रतिविद्यार्थी वार्षिक रु.४००/-EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट काक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष ५० विद्यालयलाई रु.१४,५४,४००/- निकासा लेखेको छ । पालिकाले निम्न विद्यालयलाई निकासा गरेको छात्रवृत्ति वितरण गरी बाँकी रहेकोले संघीय संचितको कोषमा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	निकासा रकम	१ देखि ५ कक्षा सम्मको वितरण भरपाई	बढी निकासा
१	श्री नेपाल रा नारायणी मा वि	८८०००	८१६००	६४००
२	नेपाल राष्ट्रिय आवि बरडाँडा	११२००	४८००	६४००
३	दुधेश्वरी आवि राजाबास	१६०००	१००००	६०००
४	जनमुखी आवि पशुपतिनगर	२७२००	२४४००	२८००
५	टुटेश्वर मावि डिपु	५०४००	२८८००	२१६००
६	पञ्चधुरा मावि चेरु	२५२००	१८४००	६८००
७	जनता मावि	५००००	३४०००	१६०००
८	जन जागृत मावि कृष्णपुर	३००००	२०४००	९६००
९	जनता मावि डाँडाटोल विजलपुरा	५४०००	४००००	१४०००
१०	नेपाल राष्ट्रिय मावि दमारभञ्ज्याङ्ग	३२८००	१८८००	१४०००
११	लक्ष्मी नारायण जनता मावि	५२००	४०००	१२००
१२	मित्रता आवि	२८०००	२२४००	५६००
१३	जुडीमा ंइ जनता आवि	४४४००	१८४००	२६०००
१४	राष्ट्रिय आवि -४ बरडाँडा	१७२००	१५२००	२०००
१५	सरस्वती विद्या मन्दिर आवि बेङ्गखाडी	३०४००	२८४००	२०००
१६	राष्ट्रिय आवि किसाननगर	३००००	७२००	२२८००
१७	मावि हात्तिलेट	२५२००	२२०००	३२००
१८	सरस्वती मावि	२१६००	३४००	१८२००
१९	राष्ट्रिय आवि खजुरिया	२१६००	१७६००	४०००
२०	जन जागृत मावि कृष्णपुर	३००००	२४०००	६०००
२१	राष्ट्रिय सरस्वती मावि रातु कालापानी	२१६००	४००	२१२००
२२	इच्छेश्वर मावि	२८०००	२०००	२६०००
२३	लक्ष्मी बास मावि भाङ्ग्रे झ्याउरे	१३२००	८८००	४४००
	जम्मा			२४६२००

असुल गर्नुपर्ने	२,४६,२००

८५.२ वितरण भरपाई पेश नभएको - निम्न विद्यालयले लेखापरीक्षणको क्रममा भरपाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स.	विद्यालय	निकासा
१	सेम नेपाल इसमु नमुना आ.बि -१३	३४४००
२	श्री राष्ट्रिय आ.बि नयाटोल सतखोली-०८	८८००
	जम्मा	४३२००

प्रमाण पेश नगरेको	४३,२००

८६ **दिवा खाजा -**

कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८१।८२) को क्रियाकलाप नं. २.७.११.१ बमोजिम विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रतिविद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष दिवा खाजाको लागि ५१ वटा विद्यालयलाई तीन पटक गरी रु.१,५५,५०,९२०।- निकासा गरेकोमा पालिकाले दिवा खाजा खुवाए/नखुवाएको तथा तोकिएको मापदण्ड बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । तोकिएको मापदण्ड बमोजिम दिवा खाजा सञ्चालन सम्बन्धमा पालिकाबाट अनुगमन गरेको नदेखिएकोले दिवा खाजा सञ्चालन गरेको सम्बन्धमा सुनिश्चित हुन सकिएन । बढी निकासा भएको नेपाल राष्ट्रिय नारायणी माध्यमिक विद्यालय चल्की, बिजलपुरा को रु.८६,७०८/- फिर्ता भएको छ । साथै केहि विद्यालयको नमुना परीक्षणको क्रममा निम्न विद्यालयमा बढी निकासा भएकोले पालिकाले अन्य विद्यालयको समेत एकिन गर्नुपर्दछ । बढी निकासा भएको रु.२,७६,३०८/- संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. २७६३०८

विद्यालय	निकासा रकम	भरपाई पेश गरेको	फरक रकम	कैफीयत
श्री जनजागृत मा.वि. कृष्णनगर	४०५८३३	३१५९१५	८९९१८	बढी निकासा
श्री टुटेश्वर मा वि. डिपु	५४००९०	३५३७००	१८६३९०	उपस्थित विद्यार्थी भन्दा बढी निकासा
जम्मा			२७६३०८	

असुल गर्नुपर्ने	२,७६,३०८

८७ **बढी निकासा -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेबार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयमा तलब भुक्तानी गर्दा दुई पटक जोडजम्मा गरी भुक्तानी गरेकोले थप निकासा भएको रु.२८६९०२/- असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	**थप निकासा रकम**
श्री टुटेश्वर मा.वि.डीपु	४४७३०
श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय बरडाँडा	८९४६०
श्री राष्ट्रिय आधारभुत विद्यालय बरडाँडा	४४७३०
श्री राष्ट्रिय आधारभुत विद्यालय भब्सी	८९४६०
श्री लक्ष्मीवास माध्यमिक विद्यालय भाङ्ग्रे झ्याउरे	१८५२२
जम्मा	२८६९०२

असुल गर्नुपर्ने	२,८६,९०२

८८ **नि:शुल्क शिक्षा -**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१(२) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशत नघटाई गरीब, अपाङ्ग, महिला, दलित र जनजाती विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २३ वटा संस्थागत विद्यालयमा ८७२५ विद्यार्थी रहेकोमा निशुल्क छात्रवृत्ति उपलब्ध गराएको देखिएन । छात्रवृत्ति उपलब्ध गराए/नगराएको सम्बन्धमा अनुगमन गरी नियम बमोजिम छात्रवृत्ति उपलब्ध गराउन निर्देशन दिने तथा सोको विवरण संकलन गरी प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेबसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

८९ **आई.सि.टी. ल्याब -**

कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८१।८२) को २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापनको लागि प्रतिविद्यालय वार्षिक रु.६ लाख ५० हजार अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष जनता माध्यमिक विद्यालय, बर्दीबासलाई रु.६,५०,०००/- निकासा गरेकोमा उक्त विद्यालयलाई नमुना विद्यालय अन्तर्गत समेत भुक्तानी भएको देखिन्छ । उक्त अनुदान प्रयोगशाला तथा ICT व्यवस्थापन नभएको विद्यालयलाई प्राथमिकता निर्धारण गरि निकासा गर्नुपर्नेमा अन्य स्रोतबाट व्यवस्थापन भएको विद्यालयलाई निकासा दिएकोले नियमसम्मत नभएको रु.

अनियमित भएको	६,५०,०००

९० **विद्यालय सुधार योजना -**

कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८१।८२) को क्रियाकलाप नं.२.७.१३.१० बमोजिम आधारभुत विद्यालयलाई रु.१५ हजार र माध्यमिक विद्यालयलाई रु.२० हजार विद्यालय सुधार योजना निर्माणको लागि विद्यालय सुधार योजना निर्माण सहयोगी कार्यविधि, २०८० बमोजिमको प्रक्रिया अवलम्बन गरी विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको मिति EMIS को विवरणमा प्रविष्ट गरेका विद्यालयलाई मात्र उपलब्ध गराउने व्यवस्था रहेको छ ।

९१ **राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता -**

पालिकाले राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता सञ्चालनको लागि अल स्पोर्ट युवा क्लबलाई रु.५,००,०००/- भुक्तानी दिएको छ । चौथो राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालनको लागि अल स्पोर्ट युवा क्लबलाई भुक्तानी दिएकोमा उक्त युवा क्लबले के के सञ्चालन गर्ने सम्बन्धमा उल्लेख गरेको छैन । उक्त युवा क्लबले सहभागीको नाम, सहभागि विद्यालय उल्लेख गरेको देखिदैन । सहभागिको विवरण तथा खेल कार्यक्रमको विवरण उल्लेख नभएकोले उक्त रकमको सदुपयोगित सम्बन्धमा आश्वस्त हुन सकिएन । राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता पालिका आफैले सञ्चालन गर्नुपर्दछ ।

९२ **विद्यालय लेखापरीक्षण -**

कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८१।८२) को २.३.५ बमोजिम लेखापरीक्षण वापत माध्यमिक र आधारभुत तहलाई क्रमश १५ हजार र १० हजार सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण खर्च अनुदान भुक्तानी भएको छ । पालिका अर्न्तगतका कुनै पनि विद्यालयले आर्थिक वर्ष २०८१।०८२ को सामाजिक परीक्षण र लेखापरिक्षण प्रतिवेदन पेश गरेको देखिएन । प्रचलित कानून बमोजिम तोकिएको समयमा लेखापरीक्षण गर्ने तर्फ सम्बन्ध पक्ष जिम्मेवार हुनुपर्दछ । उक्त विद्यालयहरुको सामाजिक र लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश गर्नुपुर्ने रु.

विद्यालय	भुक्तानी रकम
श्री देउराली मा.वि.	१५०००
श्री पञ्चधुरा आ.वि. बर्दिबास १	१००००
श्री जनजागृति आ.बि., बर्दिबास १	१००००
श्री जनता मा वि बर्दिबास २	१५०००
श्री जनता मा वि गौरिडाडा	१५०००
श्री जनजागृति मा.बि. पाटु, बर्दिबास १	१५०००
श्री राष्ट्रिय सरस्वती मा वि कालापानी ३	१५०००
श्री दुधेश्वरी आ वि बर्दिबास ३	१००००
श्री सरस्वति रा आ वि बर्दिबास ३	१००००
श्री रा. आ. वि. भब्सी ब न पा ३	१००००
श्री मा. वि. कामीडाँडा बर्दिबास ४	१५०००
श्री रा.आ.वि.बरडाँडा, बर्दिबास ४	१००००
श्री जनआस्था आ.वि.बर्दिबास ४	१००००
श्री पञ्चधुरा मा.वि. बर्दिबास ५	१५०००
श्री इच्छेश्वर मा.वि. बर्दिबास ५	१५०००
श्री सेम नेपाल राष्ट्रिय मा.वि. बर्दिबास ५	१५०००
श्री टुटेश्वरनाथ मा.वि. डिपु बर्दिबास ५	१५०००
श्री नेपाल रा.ब.बि. बरडाँडा ६	१००००
श्री जनएकता आ.वि. बर्दिबास ६	१००००
श्री रा.आ.वि. किसाननगर बर्दिबास ६	१००००
श्री जनजागृत मा.वि. कृष्णपुर,बर्दिबास ६	१५०००
श्री रा.आ.वि.मनहरीपुर फुलबारीटोल बर्दिबास ७	१००००
श्री जनहित नन्दलाल मा.वि. बर्दिबास ६	१५०००
श्री जनज्योति आ.वि. बर्दिबास ७	१००००
श्री रा. मा.वि. प्रेमनगर बर्दिबास ७	१५०००
श्री जनता सुकुमबासी आ.वि. बर्दिबास ८	१००००
श्री रा.आ.वि. नयाँटोल सतखोली बर्दिबास ८	१००००
श्री शिशुकल्याण आ वि बर्दिबास ८	१००००
श्री रा आ वि खजुरिया बर्दिबास ८	१००००
श्री सरस्वति विद्या मन्दिर आ वि बर्दिबास ८	१००००

श्री मा वि हात्तीलेट बर्दिबास ८	१५०००
श्री रा मा वि पशुपतिनगर बनरझुला बर्दिबास ९	१५०००
श्री दुर्गा मा वि बर्दिबास ९	१५०००
श्री जनमुखी आ वि बर्दिबास ९	१००००
श्री जनकल्याण आ वि पशुपतिनगर बर्दिबास १०	१००००
श्री लक्ष्मीनारायण ज मा वि खयरमाया	१५०००
श्री ज आ वि टुटेश्वर बर्दिबास १०	१००००
श्री मित्रता आ वि बर्दिबास १०	१००००
श्री ने रा मा वि दमारभञ्ज्याङ्ग बर्दिबास १०	१५०००
श्री रा मा वि बर्दिबास ११ छोड्के	१५०००
श्री लक्ष्मीबास मा वि भांग्रे झ्याउरे बर्दिबास ११	१५०००
श्री सरस्वति मा वि बर्दिबास ११	१५०००
श्री रा ज आ वि भरतटोल बर्दिबास ११	१००००
श्री सहिद विशाल कुमार मा आ वि बर्दिबास १२	१००००
श्री नेपाल राष्ट्रिय नारायणी मा वि बर्दिबास १२	१५०००
श्री जुरीमाई आ वि बर्दिबास १२	१००००
श्री ज मा वि डाँडाटोल बिजलपुरा बर्दिबास १३	१५०००
श्री सेम नेपाल इसामु आ वि बर्दिबास १३	१००००
श्री जनमुखी आ वि डाँडा टोल बिजलपुरा ब न पा १३	१००००
श्री रामजानकी आ वि	१००००
श्री रा आ वि बर्दिबास १४	१००००
जम्मा	६२५०००

प्रमाण पेश नगरेको	६,२५,०००

९३ **बालबिकास सहजकर्ताको दरबन्दी अनुपात -**

कार्यक्रम कार्यान्वय पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. १.१.४.१ मा संघीय सरकारको कोषबाट संचालन अनुमति प्राप्त गरेका बालविकास केन्द्रको लागि बालविकास सहजकर्ताको तलब बापत मासिक १०००० को दरले विद्यालयमा भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारको विद्यालयमा १ जना भन्दा बढी बालविकास सहजकर्ता राखि तलब भुक्तानी दिएको देखियो । १ बालविकास केन्द्रमा १ भन्दा बढी सहजकर्ता आवश्यक भएमा विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गरी सोही बमोजिमको बालविकास सहजकर्ता प्रस्ताव गरी संघीय सरकारको अनुदानबाट संचालन गर्ने मान्यता लिएर मात्र तलब निकासा दिनु पर्दछ । उल्लेख भए अनुसार दरवन्दी मिलान नगरी विद्यार्थी संख्या न्यून भएको बालविकास केन्द्रमा समेत १ भन्दा बढीलाई तलब निकासा दिएको देखिएको पाइयो । शिक्षक विद्यार्थी अनुपात तथा आवश्यकता बमोजिम विद्यायल समायोजन तथा दरबन्दी मिलान गर्नुपर्दछ ।

विद्यालय	बालविकास सहजकर्ता	बालविकास	जम्मा निकासा पालिका थप समेत
श्री देउराली मा.वि.	२	४९	५१४०००
श्री पञ्चधुरा आ.वि. बर्दिबास १	१	२७	२५७०००
श्री जनजागृति आ.बि., बर्दिबास १	२	४६	५१४०००
श्री जनता मा वि बर्दिबास २	२	५०	५१४०००
श्री जनता मा वि गौरिडाडा	४	१७९	१०२८०००
श्री जनजागृति मा.बि. पाटु, बर्दिबास १	२	८७	५१४०००
श्री राष्ट्रिय सरस्वती मा वि कालापानी ३	२	७४	५१४०००
श्री दुधेश्वरी आ वि बर्दिबास ३	१	२५	२५७०००
श्री सरस्वति रा आ वि बर्दिबास ३	१	६	२५७०००
श्री रा. आ. वि. भब्सी ब न पा ३	१	४३	२५७०००
श्री मा. वि. कामीडाँडा बर्दिबास ४	२	३५	५१४०००
श्री रा.आ.वि.बरडाँडा, बर्दिबास ४	१	२५	२५७०००
श्री जनआस्था आ.वि.बर्दिबास ४	१	१३	२५७०००
श्री पञ्चधुरा मा.वि. बर्दिबास ५	२	३८	५१४०००
श्री इच्छेश्वर मा.वि. बर्दिबास ५	१	२१	२५७०००
श्री सेम नेपाल राष्ट्रिय मा.वि. बर्दिबास ५	३	३७	७७१०००
श्री टुटेश्वरनाथ मा.वि. डिपु बर्दिबास ५	१	६४	२५७०००
श्री नेपाल रा.ब.बि. बरडाँडा ६	१	१६	२५७०००
श्री जनएकता आ.वि. बर्दिबास ६	२	३६	५१४०००
श्री रा.आ.वि. किसाननगर बर्दिबास ६	२	३१	५१४०००
श्री जनजागृत मा.वि. कृष्णपुर , बर्दिबास ६	१	४६	२५७०००
श्री रा.आ.वि.मनहरीपुर फुलबारीटोल बर्दिबास ७	१	३७	२५७०००
श्री जनहित नन्दलाल मा.वि. बर्दिबास ६	२	४९	५१४०००
श्री जनज्योति आ.वि. बर्दिबास ७	१	२८	२५७०००
श्री रा. मा.वि. प्रेमनगर बर्दिबास ७	२	५०	५१४०००
श्री जनता सुकुमबासी आ.वि. बर्दिबास ८	१	४४	२५७०००
श्री रा.आ.वि. नयाँटोल सतखोली बर्दिबास ८	२	२३	५१४०००
श्री शिशुकल्याण आ वि बर्दिबास ८	२	१८	५१४०००
श्री रा आ वि खजुरिया बर्दिबास ८	१	२३	२५७०००
श्री सरस्वति विद्या मन्दिर आ वि बर्दिबास ८	१	३०	२५७०००

श्री मा वि हात्तीलेट बर्दिबास ८	२	२८	५१४०००
श्री रा मा वि पशुपतिनगर बनरझुला बर्दिबास ९	२	३७	५१४०००
श्री दुर्गा मा वि बर्दिबास ९	१	३२	२५७०००
श्री जनमुखी आ वि बर्दिबास ९	१	५५	२५७०००
श्री जनकल्याण आ वि पशुपतिनगर बर्दिबास १०	२	४१	५१४०००
श्री ज आ वि टुटेश्वर बर्दिबास १०	१	५४	२५७०००
श्री मित्रता आ वि बर्दिबास १०	१	२५	२५७०००
श्री ने रा मा वि दमारभञ्ज्याङ्ग बर्दिबास १०	१	३४	२५७०००
श्री रा मा वि बर्दिबास ११ छोड्के	१	१५	२५७०००
श्री लक्ष्मीबास मा वि भांग्रे झ्याउरे बर्दिबास ११	१	२३	२५७०००
श्री सरस्वति मा वि बर्दिबास ११	२	२१	५१४०००
श्री रा ज आ वि भरतटोल बर्दिबास ११	१	६६	२५७०००
श्री सहिद विशाल कुमार मा आ वि बर्दिबास १२	२	७०	५१४०००
श्री नेपाल राष्ट्रिय नारायणी मा वि बर्दिबास १२	१	५२	२५७०००
श्री जुरीमाई आ वि बर्दिबास १२	१	६१	२५७०००
श्री ज मा वि डाँडाटोल बिजलपुरा बर्दिबास १३	२	२४	५१४०००
श्री सेम नेपाल इसामु आ वि बर्दिबास १३	२	२७	५१४०००
श्री जनमुखी आ वि डाँडा टोल बिजलपुरा ब न पा १३	२	५५	५१४०००
श्री रा आ वि बर्दिबास १४	२	६६	५१४०००
	जम्मा		१९५३२०००

९४ **परम्परागत विद्यालय अनुदान -**

कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८०।८१) को २.७.१३.११ शिक्षक दरबन्दी वा राहत अनुदान कोटा प्राप्त गरेका गरेका परम्परागत विद्यालयलाई अन्य सामुदायिक विद्यालय सरह र शिक्षक दरबन्दी/कोटा प्राप्त नगरेका विद्यालयलाई परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम तहगत विद्यार्थी सङ्ख्याको आधारमा उल्लेखित तहगत अनुदान उपलब्ध गराउने व्यवस्था छ । गो.भौ.नं. ३०२ मिति २०८२।०३।१९ बाट पालिकाले निम्न २ परम्परागत विद्यालयलाई अनुदान निकासा गरेकोमा कार्यविधि तथा मापदण्ड बमोजिम सञ्चालन भए/नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश हुन आएन । तोकिएको कार्यविधि तथा मापदण्ड बमोजिम सञ्चालन भए/नभएको सम्बन्धमा अनुगन गरी प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

विद्यालय	अनुदान रकम
नुरुल ओलुम इस्लामिय मदर्सा	३०००००
जम्मा	३०००००

प्रमाण पेश नगरेको	३,००,०००

९५ **न्यानो झोला खरिद तथा उपयोग** -

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष १००० वटा न्यानो झोला प्रतिगोटा रु.८५३।१५ का दरले रु.८,५३,१५०।- मा खरिद गरेको छ । खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। मौज्दात रहेको न्यानो झोला लामो समय पछि प्रयोग गर्दा गुणस्तरमा ह्रास आइ आमा तथा बच्चाको स्वास्थ्यमा जोखिम हुने अवस्था रहन्छ । तसर्थ अधिक मौज्दात नरहने गरी खरिद कार्य गर्नु पर्दछ ।

९६ **आमा सुरक्षा** -

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को दफा ४ बमोजिम प्रसूति सेवा प्राप्त गर्ने महिलालाई अनुसुचि २ बमोजिम तराईका जिल्लामा रु.१०००/- यातायात खर्च भुक्तानी गर्ने व्यवस्था रहेको छ । ७७-०८१/०९/१९ पालिकाले उक्त सुविधामा थप रु.१०००/- का दरले यातायात खर्च भुक्तानी गर्ने निर्णय गरेकोमा सो रकम समेत शर्शतबाट भुक्तानी भएकोले शोधभर्ना गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,८००

९७ **सट्टा बिदा** -

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५(२) बमोजिम उपनियम १ बमोजिम पालो मलाई सट्टा बिदा लिन नसकेको जति अवधिको तलब बराबरको भुक्तानी दिइने तथा उपदफा ३ बमोजिम सट्टा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले बिदाको अभिलेख रहने गरी हाजिर प्रमाणित गरि राखेको देखिएन । पालिकाले यस वर्ष ४० जना कर्मचारीलाई रु.९,१५,५३८/- सट्टा बिदाको सुविधा उपलब्ध गराएको छ । प्रमाणित हाजिरी पेश नभएकोले उक्त सट्टा बिदाको भुक्तानि एकिन गर्न सकिएन । पालिकाले सट्टाबिदा दिन नसकेको अवस्थामा बिदाको अभिलेख प्रमाणित गरी सुविधा उपलब्ध गराउनुपर्दछ ।

९८ **औषधी खरिद** -

पालिकाले औषधी खरिद गर्दा तोकिएको मापदण्ड पालना गरी खरिद गर्नुपर्दछ । पालिकाले यस वर्ष बोलपत्र मार्फत रु.३७,४३,७७९/- को औषधी खरिद गरी स्वास्थ्य संस्थालाई वितरण गरेको छ । औषधि निशुल्क वितरणको लागि लोगो नलगाएको, मुचुल्का तयार नगरेको, औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको, औषधीको अधिक मौज्दात तथा न्युनता नहुने खरिद व्यवस्थापन नगरेको, वडाका स्वास्थ्य संस्थालाई औषधी पठाउदा वास्तविक मागमा आधारित हुने माग यकिन गरी खरिद गरेको प्रमाण संलग्न गर्ने गरेको छैन । साथै औषधिको गुणस्तरता क्षयिकरण हुन नदिनको लागि सुरक्षित स्थानमा राख्नुपर्नेमा सो गरेको देखिएन । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९९ **तालिम संचालन औ**

पालिकाले पालिका अन्तर्गतका स्वास्थ्य कर्मिहरुलाई स्वास्थ्यसँग सम्बन्धित विभिन्न तालिम तथा गोष्ठी संचालन गर्ने मूख्य भूमिका निर्वाह गर्दै आईरहेको छ । पालिकाले यस वर्ष विभिन्न बजेट शिर्षकबाट तालिम, गोष्ठी, सेमिनार लगायत कार्यक्रम संचालन गरेकोमा देखिएका बेहोराहरु निम्न बमोजिम छनः-

नर्म्स - अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी

कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी सोही अनुसार कार्यक्रम पेश्की फछ्र्यौट गर्ने गरेको छ । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ । पालिकाबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान हुने अवस्था देखिदा पालिकाबाट कार्यक्रम खर्चमा मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत पालिकाबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

तालिम/गोष्ठी व्यवस्थापन - पालिकाले सञ्चालन गर्ने तालिमलाई स्पष्ट, सुव्यवस्थित, मितव्ययी रुपमा सञ्चालन गर्नुपर्दछ । पालिकाले सञ्चालित कार्यक्रमको तालिका, विषयगत विषयमा प्रशिक्षण गर्ने प्रशिक्षकको नामावली, तालिम/गोष्ठिमा सहभागि प्रशिक्षार्थीलाई सम्बन्धित पालिकाले अनुमित प्रदान/आदेश गरेको पत्र लगाएतका विषयहरु व्यवस्थित गरेको देखिदैन । पालिकाले स्वास्थ्य कर्मचारीहरुको सीप विकास, अभिमुखिकरण, जनचेतना तालिम, गोष्ठीलाई विभिन्न सूचक, मापदण्डको आधारमा व्यवस्थित हुने गरी सञ्चालन गर्नुपर्दछ गर्नुपर्दछ।

तालिम/समिक्षाको वार्षिक कार्यतालिका - पालिकाले वार्षिक रुपमा सञ्चालन गर्ने तालिमहरुको वार्षिक कार्य तालिका निर्माण गरी सोही बमोजिम सञ्चालन गर्नुपर्दछ। कार्यतालिका अनुसार तालिम सञ्चालन गर्दा जनशक्ति व्यवस्थान, तालिम लिने कर्मचारीलाई पूर्व तयारी, आर्थिक स्रोतको व्यवस्थापनमा सहजता, सार्वजनिक सेवा प्रवाहमा सरलता, तालिम पूर्वानुमानयोग्य हुनको साथै प्रभावकारी रुपमा सञ्चालन गरी लक्षित उपलब्धि प्राप्त गर्न सहज हुने हुँदा पालिकाले तालिम सञ्चालनको लागि वार्षिक कार्यतालिका निर्माण गरेर प्रकाशन समेत गर्नुपर्दछ ।

भ्रमण खर्च - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ बमोजिम बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्किने गरी सरकारी कामा काज खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको प्रच्चिस प्रतिशत खाजा खर्च बापत पाउने व्यवस्था छ । कार्यलायले सञ्चालन गरेको कार्यक्रम, तालिम, गोष्ठि समिक्षामा विभिन्न स्वास्थ्य कार्यालयबाट सहभागि सबै स्थानमा कार्यरत स्वास्थ्यकर्मिहरुलाई सञ्चालित दिनभन्दा २ दिन बढीको आते/जाते समय राखेर दैनिक भ्रमण भत्ता भुक्तानी गरेको भौगोलिक दुरी, पुग्न लाग्ने समय, सवारी साधनको उपलब्धताको आधारमा मितव्ययी मान्न सक्ने देखिदैन । सबै सहभागिलाई थप दिनको भ्रमण भत्ता भुक्तानी गरेकोले तोकिए बमोजिमको दुरी नपुग्ने स्थानबाट सहभागि व्यक्तिलाई समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको हुनसक्ने अवस्था छ । कार्यालयले सञ्चालन गरेको कार्यक्रम, तालिम, गोष्ठि समिक्षालाई मितव्यायी हुने गरी प्रचलित कानुनको अनुपालना हुने गरी सञ्चालन गर्नुपर्दछ ।

१०० **बढी तलब भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१४,४१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०१ **सुनौलो हजार दिन** -

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१०२ **कृषी तथा पशु क्षेत्रको अनुदान** -

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा

स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट समुह र व्यक्ती गरी ७३७ जनाको लागि रु.१५,७१,७४९/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै कृषि तथा पशुपन्छि क्षेत्रमा निकासा भएको अनुदानको अनुगमन गरी खर्चको प्रभावकारीता सम्बन्धमा सुनिश्चित हुने प्रमाण संलग्न गरेको छैन । पालिकाले छनोट विधि प्रतिस्पर्धी र पारदर्शी बनाउनुको साथै अनुदानको व्यवस्थित अभिलेखिकिरण गरी अनुदानलाई उत्पादन अभिवृद्धिमा मार्फत परिणामुखी बनाउन जोड दिनुपर्दछ ।

क्र.स	कार्यक्रम	५० प्रतिशत अनुदान रकम	लाभान्वित संख्या
१	मकैको बिउ वितरण	८४५०००	४३२
२	धानको बिउ वितरण	१३९३१८	२६५
३	काउ म्याट	३५९९३१	१३
४	मासुका लागि पाडा प्रवर्द्धन	२२७५००	२७
	जम्मा	१५७१७४९	७३७

१०३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा ९ योजना र १ वटा सिप विकास तालिम सञ्चालन गरी यस वर्ष ५१४ जनालाई औसत ११.९ दिनले ६१५० दिन रोजगारी उपलव्ध गराई रु.४६,०२,९०९/- श्रमिक ज्याला भुक्तानी गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सिप विकास तालिम - युवा रोजगरीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ६१ बमोजिम सिप विकास तालिम प्रदायकको सेवा खरिद गर्दा तोकिए बमोजिमको योग्यता ग्राह्याताका आधार हुने उल्लेख गरेको छ । सिप विकास तालिममा परपर्शादाता कोटेशनबाट छनौट गरेको जनाएतापनि पालिकाले उक्त कार्यको लागि लागत अनामन तयार गरेको देखिएन । पालिकाले यसवर्ष सिप विकास तालिमको लागि आदर्श इन्टरनेशनल ट्रेनिङ्ग इन्टिच्युट प्रा.लीलाई छनोट गरी ४० जनालाई कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम तथा जीवन उपयोगी सीप तालिम वापत रु.४,९४,३७५/- खर्च लेखेको छ । तालिममा सहभागि लाभग्राहीलाई सहभागिताको आधारमा भुक्तानी गर्नुपर्नेमा पुरा अवधि सहभागि भएको जनाई रु.१३,३६,०००/- ज्याला वापत भुक्तानी गरेको छ । तालिमको सेवा प्रदायक प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदमा आबद्ध भएको, प्रस्तावित प्रशिक्षक सम्बन्धित विषयको न्यूनतम तह २ को सीप परिक्षण परिक्षामा उत्तिण भएको र सम्बन्धित विषयमा तालिम प्रशिक्षण प्रतिष्ठानबाट प्रशिक्षक प्रशिक्षण प्राप्त गरेको लगाएत योग्यता हुनुपर्नेमा उक्त योग्य रहे/नरहेको सम्बन्धमा प्रमाण पेश भएन ।

१०४ **सामाजिक सुरक्षा -**

पालिकाले १४ वडाका ११३५३ लाभग्राहीलाई ११ वटा बैंकमार्फत रु.२९,३२,२९,२५८/- सामाजिक सुरक्षा भत्ता रकम वितरण गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न बमोजिम रहेका छन ।

१०४.१ **अभिलेख अद्यावधिक** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक वर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ । सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आर्थिक वर्षमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ । मृत्यु दर्तापश्चात समेत लगतकट्टा नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम पालिकाले छानविन गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१०४.२ **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस सो सम्बन्धि विवरण समावेश गरी सार्वजनिक सुनुवाई गरेको देखिएन । कार्यविधिमा तोकिएबमोजिम सार्वजनिक सुनुवाई गरी सार्वजनिक कार्यमा पारदर्शिता कायम गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ ।

१०४.३ **विवरणको समिक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ ।

१०४.४ **फिर्ता गर्नुपर्ने रकम** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११(२) बमोजिम लाभग्राहीको मृत्यु भएमा वा एकल महिलाले विवाह गरेमा वा वालवालिकाको निश्चित उमेर समुह पुरा भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता नेपाल बैंकमार्फत त्रैमासिक भुक्तानी गरेको छ । पालिकाले बढी निकासा भएको रु. ३,४२,०९०/- फिर्ता भएको भएको जनाएतापनि निकासा/भुक्तानी भएको रकम मध्ये लगत कट्टा गरी फिर्ता हुनुपर्ने रकमको विवरण राखेको देखिदैन । लगत कट्टा पश्चात लाभग्राहीको रोक्का रकमको विवरण तयार गरेको नदेखिएकोले फिर्ता गर्नुपर्ने रकम एकिन गर्न सकिएन ।

१०४.५ **लाभग्राहीको सार्वजनिककरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने तथा उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण सार्वजनिकिकरण गरेको छैन । कार्यविधिले तोके बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण सार्वजनिकिकरण गर्नुपर्दछ ।

१०५ **म.ले.प. फारामको प्रयोग नभएको -**

राजस्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका म.ले.प. फारामहरु प्रयोग गर्नुपर्दछ ।राजस्व तर्फ म.ले.प. फारामहरु १०१ देखि ११५ सम्म तोकिएका छन ।जस अनुसार दैनिक राजस्व,आम्दानी खाता १०२, गोश्वारा भौचर १०३, राजस्व आम्दानीको शीर्षकगत खाता १०४, राजस्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजस्व आम्दानीको

दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता १०७, राजस्व आम्दानी बैंक नगदी किताब १०८, राजस्वको बैंक हिसाब मिलान विवरण १०९, राजस्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फारम ११२, राजस्व आम्दानीको लगत र असुली प्रतिवेदन ११३, राजस्व आम्दानीको केन्द्रिय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन् ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुको उपरोक्त फारामहरु प्रयोग गरेको पाइएन तोकिएको म.ले.प. फारम नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ ।

१०६ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदान प्राप्त	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१२७८३५९९६९.८४	४४९८०५९२.१६	३.५२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५२ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१०७ **नदिजन्य पदार्थको उत्खनन -**

नदिजन्य पदार्थको उत्खनन र बिक्री वितरण नगरपालिकाको क्षेत्रभित्र रहेको रातु खोलाको नदिजन्य पदार्थको उत्खनन, मेसिन, औजार प्रयोग, ओसारपसार, भण्डारण तथा बिक्री वितरणको कार्य प्रचलित नीति, नियम, मापदण्ड भित्र रहि नगरपालिका र ठेक्का व्यवसायीविच सम्झौता बमोजिम उत्खनन गरेको परिमाण निम्नानुसार रहेको देखिन्छ।बर्दिवास नगरपालिकाको आर्थिक ऐन, २०८१ ले निर्धारण गरेको दररेटमा IEE प्रतिवेदन बमोजिम देहायका खण्डहरुको वार्षिक उत्खनन् गर्न नगरपालिकाको २०८१।७।४ मा निर्णय भएको हुँदा E-Bidding मार्फत ठेक्का आब्हान गरेको छ।पालिकाको २०८१।८।२७ को निर्णय अनुसार नदिजन्य पदार्थको उत्खनन गर्न २०८१।१०।११ देखि २०८२।२।३१ सम्म चलन भोग गर्न पूर्जि दिईएको छ।पालिकाले सम्झौता बमोजिम उत्खनन् भएको विवरण पेश गरेतापनि रसिद ठेली पेश नभएकोले वास्तविक उत्खनन् भएको परिमाण एकिन गर्न सकिएन।ठेक्का लागेकोमा परिमाण संकलन तथा निकासीको भिडान गर्ने अर्धकट्टी रसिदहरु तथा परिमाण भिडान गर्ने पद्धती नभएकोले निकासी परिमाण र स्वीकृती दिएको परिमाण भिडान गर्न सकिएन।

ठे.नं.	खोलाको खण्ड	सकारकर्ता	कुल उत्खनन गर्न पाउने परिमाण(घ.मि.)	कबोल गरेको दर (प्रति घ.मि.)	न्युनतम कबोल अंक (मू अ कर बाहेक)	स्वीकृत कबोल सम्झौता अंक (मू अ कर बाहेक)
NCB/BM/IR/2081/82-01	रातुखोला किसान नगर खण्ड	नेरिसा कन्स्ट्रक्सन कम्पनी प्रा. लि. काठमाण्डौं	८०१५०.९९	२४७.२१	१९८१४१२६.२४	२२७०००००.
NCB/BM/IR/2081/82-02	रातुखोला जुरेटोल खण्ड	जे एस सप्लायर्स,महेन्द्रनगर	८०११५.४५	२४७.२१	१९८०५३४०.३९	२४१४११४१.
NCB/BM/IR/2081/82-03	रातुखोला फूलबारी टोल खण्ड	बिक्रान्त कन्स्ट्रक्सनप्रा. लि.बर्दिवास, महोत्तरी	६७२८८.६७	२४७.२१	१६६३४४३२.११	२०६११०००.
NCB/BM/IR/2081/82-04	रातुखोला पथलैया खण्ड	संजीव कन्स्ट्रक्सनप्रा. लि.बर्दिवास, महोत्तरी	६७१२६.४६	२४७.२१	१६५९४३३२.२	१६६५१०००.
जम्मा					७२८४८२३०.९४	८४१०३१४१.
मू.अ.कर थप (१३%)					९४७०२७०.	१०९३३४०८.३३
मू.अ.कर सहित कूल जम्मा					८२३१८५००.९६	९५०३६५४९.३३

नगरकार्यपालिकाको कार्यालय, बर्दिबासले आव २०८१/०८२ मा उत्खनन हुन सक्ने परिमाण तोकि ठेक्का वन्दोवस्त गर्न सूचना प्रकाशन गरेकोमा ठेक्का सकार एवं सम्झौता गरेको देखियो।ठेक्का सम्झौता गरी शर्तहरु तोकि सकारकर्तालाई चलन पूर्जि समेत दिएको र सम्झौताको शर्त बमोजिम कबोल रकमको पचास प्रतिशत नगद जम्मा र बाँकी पचास प्रतिशतको बैकं जमानतको आधारमा सम्झौता गरेको देखियो।

१०८ **राजश्व वाँडफाँड -**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम खानीजन्य र नदीजन्य पदार्थको बिक्रीबाट संकलन भएको राजस्वको ४० प्रतिशत प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तहको आर्थिक ऐन बमोजिम असुल गरेको राजश्व रु. ८४१०३१४१.०० को ४० प्रतिशतले हुने रु. ३३६४१२५६।४ वाँडफाँड गरि प्रदेश सरकारको संचित कोषमा पठाएको देखिन्छ।

१०९ **राजस्व दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । पालिका अन्तर्गत १४ वटा वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । पालिका अन्तर्गत रहेका विभिन्न वडा कार्यालयलहरुले आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको पालिकाले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।पालिका र सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको रकम भिडान गर्नुपर्दछ।राजस्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका म.ले.प. फारामहरु प्रयोग

गर्नुपर्दछ।राजस्व तर्फ म.ले.प. फारामहरु १०१ देखि ११५ सम्म तोकिएका छन।जस अनुसार दैनिक राजस्व,आम्दानी खाता १०२, गोश्वारा भौचर १०३, राजस्व आम्दानीको शीर्षकगत खाता १०४, राजस्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता १०७, राजस्व आम्दानी बैंक नगदी किताब १०८, राजस्वको बैंक हिसाब मिलान विवरण १०९, राजस्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फारम ११२, राजस्व आम्दानीको लगत र असुली प्रतिवेदन ११३, राजस्व आम्दानीको केन्द्रिय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन् ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुको उपरोक्त फारामहरु प्रयोग गरेको पाइएन तोकिएको म.ले.प. फारम नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ।

११० **लगत अद्यावधिक -**

पालिकाले राजस्व बक्यौताको अभिलेख अद्यावधिक गरी राखेको देखिएन । अभिलेख अद्यावधिक नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

१११ **व्यवसाय कर -**

नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५(३) मा नगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय करको दर अनुसूची - ५ मा उल्लेखित दरको आधारमा व्यवसाय कर असूल गरिने उल्लेख छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसारका क्रसर तथा बालुवा प्रशोधन उद्योग र होटलहरुले वार्षिक नविकरण गरेको नदेखिएकोले जरिवाना समेतको कर असूल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

क्र.सं	संस्थाको नाम	आ.व २०८०।०८१	आ.व २०८१।०८२	जम्मा
१	पञ्चधुरा माई बालुवा गिट्टि वासिङ्ग सेन्टर	-	३००००	३००००
२	न्यू पञ्चधुरा गिट्टि बालुवा वासिङ्ग एण्ड क्रसर उद्योग	-	३००००	३००००
३	माँ मनोकामना गिट्टि वालुवा वासिङ्ग उद्योग	-	३००००	३००००
४	बि.एण्ड बि. गिट्टि उद्योग	३००००	३००००	६००००
५	स्वेता बालुवा प्रशोधन	३००००	३००००	६००००
६	चुरियामाई बालुवा वासिङ्ग सेन्टर	३००००	३००००	६००००
७	सिंहेश्वर क्रसर उद्योग प्रा.लि.	३००००	३००००	६००००
८	सिंहेश्वर गिट्टी बालुवा वासिङ्ग प्रशोधन प्रा.लि	३००००	३००००	६००००
९	जगदम्वा क्रसर उद्योग प्रा.लि	३००००	३००००	६००००
१०	सोनामाई कंक्रिट उद्योग	३००००	३००००	६००००
११	वि.पि.बालुवा गिट्टी वासिङ्ग सेन्टर प्रा.लि	३००००	३००००	६००००
१२	नमोबुद्ध होटल एण्ड थकाली किचेन प्रा.लि	२०८०।८१ र २०८१।८२		४००००
१३	इमेज एग्रो फार्म एण्ड रिसोर्ट प्रा.लि	२०८१।०८२		२००००
जम्मा				६३००००

असुल गर्नुपर्ने	६,३०,०००

११२ **आय अनुमान र प्राप्ति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४,८४,२०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु.४,४९,८०,५९२।१६ अर्थात अनुमान भन्दा ७.१ प्रतिशत कम आय प्राप्त गरेको छ । वास्तविक आय अनुमान गरी लक्ष्य अनुसारको

राजस्व असूली गर्नुपर्दछ । साथै, आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

११३ **सिफारिस संख्या र नगदी रसिद संख्या बीच फरक** -

पालिकाको आर्थिक ऐन, २०८१ अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडा कार्यालयहरुको चलानी नम्बर र नगदि रसिद भिडान गर्दा कुनै वडाहरुमा चलानी नम्बर भन्दा नगदी रसिद बढि कटेको र कुनै वडाहरुमा चलानी नम्बर भन्दा नगदी रसिद कम कटेको देखिन्छ । यस सम्बन्धमा सोधनी हुँदा वडा सचिवहरुले चलानी नम्बर भन्दा नगदी रसिद बढि हुनुको कारण मालपोत रसिदहरुको चलानी नहुने तथा चलानी नम्बर भन्दा नगदी रसिद कमी हुनुको कारण कार्यालयबाट कार्यालयमा लेखेको पत्र लगायत अन्य केहि सिफारिसहरुको राजस्व संकलन नहुने हुँदा कम रसिद कटेको भनी मौखिक जवाफ पेश गरे तापनि के-कति संख्यामा मालपोत रसिदहरु कटेको हो तथा के-कति राजस्व संकलन नहुने सिफारिस पत्रहरु चलानी भएको हो सोको विवरण वडा कार्यालयहरुले तयार नगरेको कारण भिडान गर्न सकिएन ।अतः वडाहरुले राखेको चलानी किताब अनुसारको सिफारिस संख्या र नगदि रसिद काटेको संख्याको परिमाणमा फरक देखिएको सम्बन्धमा पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी यकिन गर्नुपर्दछ ।फरक विवरण निम्मानुसार रहेको छ।

वडा नं.	चलानी किताबमा सिफारिसको संख्या	नगदी रसिदको संख्या	फरक संख्या
वडा नं. ४	१४३५	१२४७	१८८
वडा नं. ९	१६३६	१५८५	५१
वडा नं. २	१८५६	२४५४	५९८
वडा नं. १४	२१६५	३१८१	१०१६
वडा नं. १२	८९२	१०६६	१७४
वडा नं. ११	१३४२	१११४	२२८
वडा नं. ७	१२६७	१३१४	४७
वडा नं. ३	२३७१	१२२७	११४४
वडा नं. ५	२४३५	१९५६	४७९
वडा नं. ८	२१६९	२३०४	१३५
वडा नं. १	२९४२	३२५०	३०८
वडा नं. १३	१५१०	१२८१	२२९

११४ **रद्द रसिदको विवरण** -

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

११५ **व्यवसायीको लगत** -

पालिकाले राजस्व संकलन प्रयोजनार्थ सम्पूर्ण करदाताहरुको लगत अद्यावधिक गरी राख्नुपर्दछ ।जसले गर्दा पालिका अन्तर्गत के-कति संख्यामा करदाताहरु दर्ता भए उनीहरुबाट वार्षिक नवीकरण तथा कर वापत उठ्नुपर्ने राजस्व संकलन भए/नभएको सम्बन्धमा यथार्थ जानकारी हासिल हुने गर्दछ ।पालिकाले विभिन्न समुहका व्यवसायीहरुको लगत अद्यावधिक नगरेको कारणले यस सम्बन्धमा एकिन गर्न सकिएन ।अतः पालिकाले पालिका अन्तर्गत दर्ता भएका तथा दर्ता हुन बाँकी विभिन्न व्यवसाय र करदाताहरुको अद्यावधिक विवरण तयार गरी राजस्व संकलनमा प्रभावकारीता हासिल गर्नुपर्दछ ।

११६ **बर्दिबास नगर अस्पताल -**

बर्दिबास अस्पतालको आयव्यय विवरण

आयतर्फ			व्ययतर्फ		
विवरण	आम्दानी	जम्मा	विवरण	खर्च	जम्मा
आन्तरिक आम्दानी		१९२५४६३६.००	अस्पतालको आन्तरिक तर्फको खर्च	१६६८०७४४	
गत वर्षको अल्या	२४१४०३३.१४		स्वास्थ्य वीमा	३७०३९१०	
अस्पताल तर्फ	१६४७६८३२.९		निक साइमन्स	४३९००७९	
बिड धरौटी	३६३७७०.००		आमा सुरक्षा	५८२९८७२	
स्वास्थ्य वीमा		५५६९५२०.००	कूल खर्च		३०६०४६०४.००
गत वर्षको अल्या	१७८६३३७.००		बैंक मौज्दात	४६३५६०२	४६३५६०२
स्वास्थ्य वीमा वोर्ड	३७८३१८३.००				
निक साइमन्स		४५८६१७९.००			
कर्मचारी पारिश्रमिक	३८३२९६५.००				
घरभाडा	४१३६००.००				
गत वर्षको अल्या	३३९६१४.००				
आमा सुरक्षा	५८२९८७१.७०	५८२९८७१.७०			
	३५२४०२०६.७	३५२४०२०६.७		३५२४०२०६.७	३५२४०२०६.७

बर्दिबास नगर अस्पताले पेश गरेको यस वर्षको आय-व्यय विवरण अनुसार गत वर्षको अल्या आम्दानी समेत यस वर्ष कुल आय रु.३५२४०२०६।– प्राप्त भएकोमा यस वर्ष रु.३०६०४६०४।– खर्च भई रु.४६३५६०२।– मौज्दात रहेको देखिन्छ । अस्पतालले आन्तरिक लेखापरीक्षण नगराएको, अस्पताललाई प्राप्त हुनुपर्ने आन्तरिक आम्दानी र प्राप्त भएको आन्तरिक आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएको, आन्तरिक आम्दानीका स्रोतहरुको विवरण तथा वार्षिक सेवा प्रवाहको विवरण पेश नगरेको, पालिकाले समेत संचालित अस्पतालको आवधिक रुपमा अनुगमन गरी सोको प्रतिवेदन नगरेको हुँदा अस्पतालको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी छ भनी विश्वस्त हुन सकिदैन ।त्यसै गरी पालिका तर्फबाट अस्पतालको संचालनको लागि कर्मचारी तथा

चिकित्सकहरुको तलब,चिकित्सकरुको आवास सुविधा,एम्बुलेन्स खर्च, औषधी तथा सर्जिकल सामग्रीहरु खरिदमा थप रु.२११६५६७९।- भुक्तानी भएको छ । अस्पताल संचालन बाट प्राप्त हुने आम्दानीको ठूलो हिस्सा अस्पतालको आन्तरिक खर्चहरु कर्मचारीहरु तथा चिकित्सकहरुको तलब र सेवा सुविधा खर्च हुने गरेको देखिन्छ ।अस्पतालको आन्तरिक आम्दानी संकलन क्षमता कमजोर रहेको र थप स्रोत साधनको लागि पालिकामा निर्भर हुने हुँदा पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ । अस्पतालको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने र आन्तरिक आम्दानीको मितव्ययि परिचालन गर्दै सहज रुपमा अस्पताल संचालन गर्नुपर्दछ ।

११६.१ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पच्चिस लाख रुपैयासम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यसै गरी सोही नियमावलीको नियम ८४ मा पचास लाख रुपैयासम्मको औषधि जन्य मालसामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । अस्पतालले आर्थिक वर्ष २०८१।८२ मा आमा सुरक्षा र स्वास्थ्य बीमा अन्तर्गत रु.४८९४६०४।०० को औषधि खरिद गरेकोमा रु.१९९१४००। बोलपत्रको माध्यमबाट अन्य औषधी विभिन्न मितिमा विभिन्न आपूर्तिकर्ताबाट खरिद गरेको छ । अतः अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधीको अनुमान गरी मितव्ययी र प्रतिस्पर्धी तवरले खरिद गर्नुपर्दछ ।औषधी खरिदका केही उदाहरणहरु निम्नानुसार रहेका छन्।

गो भौ नं	विवरण	आपूर्तकर्ता	रकम
२५७।२०८२।०३।३०	औषधी	समर मेडि सप्लायर्स	१९९१४००.०० लागत अनुमान भन्दा २४.५६ प्रतिशत घटीमा
७३।२०८१।०८।०४	औषधि खरिद	समर मेडि सप्लायर्स	९९८०६८.००
१३५।२०८१।१०।१४	औषधी सामग्री	शिव मेडिकल स्टोर्स	९९८६९०.००
१९८।२०८२।०१।२४	औषधी	संगम बायो मेडिकल सोलुसन्स प्रा.लि	२८२५००.००

११६.२ **पेश्की बाँकी** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । अस्पतालका कर्मचारी मीन बहादुर सेनले तपशिलमा उल्लेखित भौचर र मितिमा लिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फर्छौट नगरेकोले पेश्की फर्छौट गर्नुपर्ने रु.

गो.भौ.नं र मिति	पेश्की लिने	प्रयोजन	रकम
५-२०८१।०५।०४	मीन बहादुर सेन	मसलन्द तथा कार्यालय संचालन	१०००००
१३८-२०८१।१०।१४	मीन बहादुर सेन	मसलन्द तथा कार्यालय संचालन	७००००
१३९-२०८१।१०।१४	मीन बहादुर सेन	अवलोकन भ्रमण	२०००००
जम्मा			३७००००

पेश्की	३,७०,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बर्दिबास नगरपालिका, महोत्तरी , बर्दिबास नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राममणि अधिकारी	२०८१-१०-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	सर्मिला कुमारी तामाङ्ग	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,२६८,२६३	४२,०६५,३८३	११,५३०,८३७	०	०	१,०४६,५००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					५७,९१०,९८३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१५,६८९
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					५७,८९५,२९४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२९६०२८०२३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६३१०३७४५०	चालु खर्च	५७४८७९७७४.०१
प्रदेश सरकारबाट अनुदान	२१८१००००	पूँजीगत खर्च	३८८०६९०४२.१
राजश्व बाँडफाँट	३१३५१२४०९.४६	वित्तीय/अन्य व्यवस्था	५१९२४०२८१.२३
आन्तरिक आय	४४९८०५९२.५४		
अन्य आय	४२५६४९८६१.५		
कुल आय	१४३६९९०३१३.५०	कुल खर्च	१४८२१८९०९७.३४
बाँकी मौज्दात		२५०८२९२३९.१६	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		२३,७७,६२,८९८.६१	०	२३,७७,६२,८९८.६१	२२,२३,८८,०४६.५९	०	२२,२३,८८,०४६.५९
१३०००	अनुदान		५९,६३,३५,५११.३७	०	५९,६३,३५,५११.३७	५७,०४,११,७७७.६८	०	५७,०४,११,७७७.६८
१४०००	अन्य राजस्व		१२,७३,७०,६४८.७५	०	१२,७३,७०,६४८.७५	२,१३,२२,०९२.६२	०	२,१३,२२,०९२.६२
१५०००	विविध प्राप्ति		८,४५,०७२.००	०	८,४५,०७२.००	०	०	०
क	कुल जम्मा प्राप्ति		९६,२३,१४,१३०.७३		९६,२३,१४,१३०.७३	८१,४१,२१,९१६.८९		८१,४१,२१,९१६.८९
३	चालु		५७,४८,७९,७७४.०१	०	५७,४८,७९,७७४.०१	५७,५०,५५,०१७.०५	०	५७,५०,५५,०१७.०५
२१०००	पारिश्रमिक / सुविधा		३७,७८,८७,०५४.३१	०	३७,७८,८७,०५४.३१	२९,१६,०२,६७१.७०	०	२९,१६,०२,६७१.७०
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,९३,३६,६५२.७०	०	१२,९३,३६,६५२.७०	१२,४७,५१,८४८.३५	०	१२,४७,५१,८४८.३५
२५०००	सहायता (Subsidy)		४,७०,६२,२८७.००	०	४,७०,६२,२८७.००	१३,०१,४२,४५८.००	०	१३,०१,४२,४५८.००
२७०००	सामाजिक सुरक्षा		१,६०,३१,१७६.००	०	१,६०,३१,१७६.००	१,३८,२७,१५१.००	०	१,३८,२७,१५१.००
२८०००	अन्य खर्च		४५,६२,६०४.००	०	४५,६२,६०४.००	१,४७,३०,८८८.००	०	१,४७,३०,८८८.००
४	पूंजीगत		३८,८०,६९,०४२.१०	०	३८,८०,६९,०४२.१०	३२,८०,३३,५९१.४७	०	३२,८०,३३,५९१.४७
३१११०	भवन तथा संरचना		३,९९,४७,६५४.००	०	३,९९,४७,६५४.००	८०,४५,९५४.२२	०	८०,४५,९५४.२२
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,१२,२७,१५३.००	०	१,१२,२७,१५३.००	१,७२,०४,०७५.००	०	१,७२,०४,०७५.००
३११३०	अन्य पूँजीगत खर्च		५,५९,३०,७६१.००	०	५,५९,३०,७६१.००	४,७५,४१,३८२.००	०	४,७५,४१,३८२.००
३११५०	सार्वजनिक निर्माण		२६,४४,८०,६०१.१०	०	२६,४४,८०,६०१.१०	२४,२०,००,६२४.२५	०	२४,२०,००,६२४.२५
३११६०	निर्मितसरचनाको सुधार खर्च		७०,६०,०७८.००	०	७०,६०,०७८.००	०	०	०
३११७०	पूँजीगत सुधार खर्च		७५,८२,३४८.००	०	७५,८२,३४८.००	१,२४,८३,०८२.००	०	१,२४,८३,०८२.००
३१४१०	जग्गाप्राप्ति खर्च		१८,४०,४४७.००	०	१८,४०,४४७.००	७,५८,४७४.००	०	७,५८,४७४.००
ख)	कुल जम्मा भुक्तानी		९६,२९,४८,८१६.११		९६,२९,४८,८१६.११	९०,३०,८८,६०८.५२		९०,३०,८८,६०८.५२

ग)	बचत /कमी (ग = क-ख)		(६,३४,६८५.३८)		(६,३४,६८५.३८)	(८,८९,६६,६९१.६३)		(८,८९,६६,६९१.६३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(३,७०,८०,५८७.४५)		(३,७०,८०,५८७.४५)	२,८०,९५,४६७.८४		२,८०,९५,४६७.८४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					०.३		०.३
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(३,७७,१५,२७२.८३)		(३,७७,१५,२७२.८३)	(६,०८,७१,२२३.७९)		(६,०८,७१,२२३.७९)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२८,८५,४२,४०५.२७		२८,८५,४२,४०५.२७	३४,९४,१३,६२९.०६		३४,९४,१३,६२९.०६
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२५,०८,२७,१३२.४४		२५,०८,२७,१३२.४४	२८,८५,४२,४०५.२७		२८,८५,४२,४०५.२७

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।